लेखापरीक्षण प्रतिवेदन

काइके गाउँपालिका, डोल्पा

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

काइके गाउँपालिका, डोल्पा

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८३ **वैशाख**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कर्णाली प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/599

श्रीमान् अध्यक्षज्यू,

काइके गाउँपालिका,

गाउँ कार्यपालिकाको कार्यालय, डोल्पा ।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(टिकाराम श्रेष्ठ)
नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/599

श्रीमान् अध्यक्षज्यू ,

काइके गाउँपालिका,

गाउँ कार्यपालिकाको कार्यालय,

डोल्पा।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको राय

हामीले त्यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ मसान्त मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. गाउँपालिकालेअन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रूपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन।

२.२. गाउँपालिकाको रु. ७९ करोड ४४ लाख १६ हजार लेखापरीक्षण गरिएकोमा लेखापरीक्षणबाट रु. १ करोड ३३ लाख ५१ हजार बेरुजू देखिएकोमा प्रतिक्रियाबाट रु.९ लाख ९२ हजार फस्र्याेट भई असुल गर्नुपर्ने रु ८३ लाख ७० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.३४ लाख ७ हजार, नियमित गर्नुपर्ने रु..५ लाख १२ हजार र पेश्की बाँकी रु.७० हजार गरी जम्मा रु.१ करोड २३ लाख ५९ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रु.८ करोड ८६ लाख ६१ हजारमा यसवर्षको थपसमेतहालसम्म अद्यावधिक बेरुजू रु.१० करोड १० लाख २० हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोरा- लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँकार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत, गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।



(टिकाराम श्रेष्ठ)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम							
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती		असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
६२	९७	१,३३,५१,५२२	०	१	९,९२,०२७	०	६२	९६	१,२३,५९,४९५	८३,७०,७४३	५,१२,२२०	३४,०६,५३२	०	०	३९,१८,७५२	७०,०००

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
डोल्पा	८,८६,६०,८२७	०	०	८,८६,६०,८२७	०	१,२३,५९,४९५	१०,१०,२०,३२२

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८१/८२	५१	विल भरपाई	९,९२,०२७
जम्मा				९,९२,०२७

काइके गाउँपालिका, डोल्पा

(८०६६१५०१३००)

काईके गाउँपालिका , डोल्पा

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय :- स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी,कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाकोस्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नुर स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीयसेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ। यस पालिकामा ७ वडा रहेको छ भने क्षेत्रफल २२८.८९ वर्गकिलोमिटर तथा ३९६५ जनसंख्या रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।४।२८ देखि २०८२।६।५ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- कार्यालयको आय तर्फ रु ४०९०९०३१४।०६ र व्ययतर्फ रु. ४०९०९०३१४५।०६ गरी जम्मा रु. ८१८१८०६२८।१२ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा

संलग्न छ ।

(ज) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.४२८७८९४।०० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

सि.नं	बिवरण	रकम रु.
१	च्युपुथा महिला कृषि सहकारी सस्था वढी भुक्तानी वैक दाखिला भौ.न. ६२५०००९ वाट मिति २०८२।०६।०२ मा दाखिला।	३८४९०
२	शहरतारा ढल निकासा निर्माण योजना वैक दाखिला भौ.न. ६५०१३८७ वाट मिति २०८२।०५।२९ मा दाखिला।	४०९५३७९
३	अरनिको मा वि वढी निकासा (सितल बुढा) वैक दाखिला भौ.न. ६२५००११ वाट मिति २०८२।०६।०२ मा दाखिला।	१९५००
४	पारिश्रमिक कर	४७४९
५	मुचु देखि खुवा हुदै रिवासम्म सडक निर्माण वैक दाखिला भौ नं ६६५५८३४ वाट मिति २०८२।०६।१२ मा दाखिला।	३०६६९
६	सुन्दरेशेर्पा आधारभुत विद्यालय वढी निकासा वैक दाखिला भौ नं २४४१७८२ वाट मिति २०८२।०६।०२ मा दाखिला।	१६२२०
७	भेरी आ.वि. वढी निकासा वैक दाखिला भौ.न. ६२५०००६ वाट मिति २०८२।०६।०२ मा दाखिला।	१९५००
८		०
९	हरि वुढा वैक दाखिला भौ नं ६२५००१० वाट मिति २०८२।०६।०२ मा दाखिला।	१९५००
१०	भ्रमण अवधिमा स्थानिय भत्ता भुक्तानी भएको रकम बैक दाखिला भौचर न ७०५५२२५५ मिती २०८२।७।१३ मा दाखिला	४३८८७

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदन**

स्थानीय सरकार सञ्चालन ऐन , २०७४ को दफा ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७९।८।२० मा नेपाल सरकारबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म . ले . प . फा . नं २७ ०) सम्बन्धमा देखिएका बेहोरा निम्नअनुसार छन्:

आयतर्फ			व्ययतर्फ		
क्र. सं.	विवरण	रकम	क्र. सं.	विवरण	रकम
१	**गत बर्षको जिम्मेवारी**		१	**चालु तर्फ**	१३०१९३४८५. ९
	क) नगद		२	**पूंजीगत तर्फ**	२३६२०९१७५
	ख) बैंक	५१७०३६९. ८	३	**वित्तीय व्यवस्था भुक्तानी**	
	ग) धरौटी	३४५६९३१. ३	४	**धरौटी**	
	घ) ग २ ७ विविध खर्च खाता	१८३५४७. २८	५	**ग २ ७ विविध खर्च खाता**	१६४०६७
	ङ) ग ५ १ विविध कोष खाता	३३५७५८. ५	६	**ग ५ १ विविध कोष खाता**	११२६९१०
	च) प्रकोप व्यवस्थापन कोष	८९०	७	**भुक्तानी**	
२	**राजश्व (आन्तरिक आय)**			क) ऋण भुक्तानी	
	क) आन्तरिक राजश्व	६५६४६६. ०८		ख) ब्याज भुक्तानी	
	ख) राजश्व बाँडफाँड संघ	४५६९३५७५. ८		ग) अन्य भुक्तानी	
	ग) राजश्व बाँडफाँड प्रदेश	४२९३९३. ३४	८	**लगानी**	
	घ) विभाज्य कोष	०		क) ऋण लगानी	
३	**वित्तिय हस्तान्तरण संघ**			ख) शेयर लगानी	
	क) वित्तिय समानीकरण अनुदान	६४५९९०४०		ग) अन्य लगानी	
	ख) सशर्त अनुदान	१७९५०००६२. ५	९	**धरौटी फिर्ता**	०
	ग) समपुरक अनुदान	०	१०		
	घ) विशेष अनुदान	१०१८८४४४	११	कोष फिर्ता	
४	**प्रदेश सरकारबाट प्राप्त अनुदान**		१२	**मौज्दात**	
	क) वित्तिय समानीकरण अनुदान	४८७७०००		क) बैंक मौज्दात	७३९५९०९. ६
	ख) सशर्त अनुदान	३५२९७३३७		ख) नगद मौज्दात	
	ग) समपुरक अनुदान	२२४०००६६		ग) ग ५ १ विविध कोष खाता	१०५९१६६. ५
	घ) विशेष अनुदान	४९८६८१६		घ) ग २ ७ विविध खर्च खाता	१२७९०३. २८
५	**अन्तर स्थानीय तहबाट प्राप्त**	०		ङ) प्रकोप व्यवस्थापन कोष	८९०
६	**अन्य**		१३	**अन्य**	
	ख) विद्यालय शिक्षा क्षेत्र योजना	३००००		ख) विद्यालय शिक्षा क्षेत्र योजना	३००००
	ग) सामाजिक सुरक्षा तथा संरक्षण	२४७९५०५३		ग) सामाजिक सुरक्षा तथा संरक्षण	२४७९५०५३
	घ) मुख्यमन्त्री रोजगार, उद्यमशिलता तथा आय आर्जन	१९५४६१०		घ) मुख्यमन्त्री रोजगार, उद्यमशिलता तथा आय आर्जन	१९५४६१०
७	**जनसहभागीता (नगद)**		१४		
८	**ग ५ १ विविध कोष खाता आय**	१८५०३१८	१५	**धरौटी मौज्दात**	६०२९९४२. ३५
९	**ग २ ७ विविध खर्च खाता आय**	१०८४२३	१६	**सशर्त अनुदान फिर्ता**	०
१०	**विषयगत निकायबाट प्राप्त**	०	१७	**गत बर्ष बढी अल्या**	
११	**धरौटी आय**	२५७३०११. ०५	१८		
१२	**दायित्व बाँकी**	३२००	१९	**बैंक मौज्दात**	३२००
	जम्मा	४०९०९०३१२. ७		**जम्मा**	४०९०९०३१२. ६

२.१ **वित्तिय विवरणको विश्लेषणः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ ।यस सम्वन्धमा निम्नानुसार देखिएको छ।

· पालिकाले खाता अनुसारको बैंक समायोजन हिसाब तयार नगरेको कारण असार मसान्तमा श्रेस्ता र वैक विच रु . ३२००। फरक परेको छ।पालिकाले वैक हिसाव मिलान विवरण तयार गरी फरक परेको कारण एकिन गरी हिसाव मिलान गर्नुपर्दछ ।

· यस स्थानीय तहले आफ्नो आम्दानीको शिर्षकगत अभिलेख नराखेको कारण कुन कुन शिर्षकमा के कति आम्दानी भयो भनि विश्लेषण गर्न सकिएन।पालिकाले आर्थिक संकेत वर्गिकरण र व्याख्या अनुसार आम्दानीको अभिलेखिकरण र प्रतिवेदन गर्नुपर्दछ।
तसर्थ पालिकाको वित्तिय विवरणले सम्पुर्ण आर्थिक कारोवारको यथार्थ अवस्था चित्रण गर्ने अवस्था छैन।पालिकाले आर्थिक कारोवारको यथार्थ अवस्था देखिने गरी लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ।

२.२ वित्तीय विवरणको यथार्थता - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ ।पालिकाले आर्थिक कारोवार लेखाङ्कन गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ ।तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. २४७९५०५३।- मुख्य मन्त्री रोजगार कार्यक्रम रु. १९५४६१०।- र विद्यालय शिक्षा क्षेत्र योजना रु.३०००। समेत गरी रु २६७७९६६३।- सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्र प्रणालीवाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ पालिकामा हुने सवै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ ।

२.३ सञ्चित कोषमा स्थानान्तरण - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्षको अन्त्यमा पालिकाको चालु,पुँजीगत तथा विविध खाता मा मौज्दात वाँकी रहेकोमा आ व २०८२।८३ उक्त रकम हिसाव मिलान गरेको पाइयो । पालिकाले तोकिएको समयमा नै सो रकम सञ्चित कोषमा स्थानान्तरण गरी हिसाब मिलान गर्नुपर्दछ ।

३ बजेट तथा कार्यक्रम तर्जुमा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

४ बजेट सीमा निर्धारण समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

५ अवण्डा वजेट

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आयव्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष भैपरी आउने चालु शिर्षकमा ५७ लाख ६३ हजार र भैपरी आउने पुँजिगत शिर्षकमा ८१ लाख ४७

हजार गरी रु १ करोड ३९ लाख १० हजार अवण्डा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

६ **रकमान्तर**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७९ मा कार्यपालिकाले स्विकृत वजेटको अधिनमा रहि कुनै शिर्षकवाट पुँजिगत शिर्षकमा २५ प्रतिशतसम्म रकमान्तर गर्न सक्ने व्यवस्था रहेको छ। यस पालिकाले सभावाट विभिन्न २४ योजनावाट १ करोड ८० लाख १३ हजार रकम घटाएर २९ योजनामा रकम वाँडफाड एवम् कार्यक्रम संसोधन मार्फत विभिन्न शिर्षक तथा योजनामा रकमान्तर गरेको छ ।असारमा वजेट तथा कार्यक्रम वनाउदा यसमा पर्याप्त गृहकार्य नगर्नु तथा तोकिएका समितिले प्रभावकारी काम गर्न नसकेको कारण पटक पटक कार्यक्रम संसोधन भएको देखिन्छ।पालिकाले वजेट तथा कार्यक्रमलाई विश्वनिय वनाई कार्यान्वियनयोग्य योजनामा मात्र वजेट विनियोजन गर्नुपर्दछ।

७ **खर्च बिश्लेषण**

पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु. ६ लाख ५६ हजार, राजस्व बाँडफाँड र अनुदानबाट रु ३६ करोड ७९ लाख ७१ हजार समेत रु ३६ करोड ८६ लाख २७ हजार आम्दानी भएकोमा चालु तर्फ रु १३ करो८ ०१ लाख ९३ हजार र पूँजिगत तर्फ रु २३ करोड ६२ लाख ०९ हजार समेत रु.३६ करोड ६४ लाख २ हजार खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.१७८ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु ५२ लाख २० हजार खर्च भएको छ जुन आन्तरिक आयको करिव ८ गुणा वढी रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ३५.५३ प्रतिशत चालु र ६४.४६ प्रतिशत पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ।यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

८ **क्षेत्रगत बजेट र खर्च**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

क्र. सं.	**क्षेत्र/ उप क्षेत्र**	**विनियोजन**	**खर्च**	**खर्च (%)**
१	आर्थिक विकास	३०४७२०००	२९९३१४२२	९८. २३
२	सामाजिक विकास	११२७७१०००	१०२२५५९५१	९०. ६८
३	पूर्वाधार विकास	१९३३४७०००	१७९६५४७९०	९२. ९२
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	५३०८०००	५२३१६३२	९८. ५६
५	कार्यालय सञ्चालन तथा प्रशासनिक	५६९९५९२२	४९३२८८६६	८६. ५५
कुल जम्मा		३९८८९३९२२	३६६४०२६६१	९१. ८५

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्रमा सबै भन्दा घटी ८६.५५ प्रतिशत रहेको छ ।

९ **बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा २०८१।३।१० गते रु.३९ करोड ८० लाख

७१ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०८१।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०८१।४।५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

१० त्रैमासिक पूँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

वजेट शिर्षक	जम्मा	खर्च रु हजारमा				
		प्रथम त्रैमासिक	दोस्रो त्रैमासिक	तेस्रो त्रैमासिक	चौथो त्रैमासिक	असारको खर्च
विभिन्न	२३६२०७	७४३५	३३४००	२६८८४	१६८४८८	१४३२६३
खर्चको प्रतिशत	१००	३ . १५	१४ . १४	११ . ३८	७१ . ३३	६० . ६५

कार्यालयले यो वर्ष कुल पूँजीगत बजेट रु.२३ करोड ६२ लाख ७ हजारमध्ये मध्ये चौथो त्रैमासिकमा रु.१६ करोड ८४ लाख ८८ हजार ७१.३३ प्रतिशत खर्च गरेको देखिन्छ। असार महिनामा मात्र रु.१४ करोड ३२ लाख ६३ हजार ६०.६५ प्रतिशत खर्च गरेको छ। स्वीकृत बजेट तथा कार्यक्रम प्राप्त भएपछि प्रथम त्रैमासिकभित्र खरिद सम्झौता गर्न नसक्दा आर्थिक वर्षको अन्त्यतिर खर्चको भार परेको देखिन्छ। स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

११ आवधिक योजना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वियन गर्नुपर्दछ ।

१२ मध्यमकालिन खर्च संरचना

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा १७ मा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामि तिन वर्षमा हुने खर्चको प्रक्षेपण सहित मध्यकालिन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ। कार्यालयले यस वर्ष मध्यम अवधिको खर्च र सोको रणनीति तयार गर्नुपर्नेमा सो गरेको पाइएन।कार्यालयले मध्ययम अवधिको रणनीति तय गरी मध्यकालिन खर्च संरचनाका आधारमा वार्षिक वजेट तथा कार्यक्रम तय गर्नुपर्दछ।

१३ वार्षिक खरिद योजना/गुरुयोजना

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको यस बर्ष खरिद समेत पुँजीगत खर्च शिर्षकमा रु२३ करोड ६२ लाख ०७ हजार पूँजीगत खर्च गरेको छ ।पालिकाले नियमावलीबमोजिम वार्षिक खरिद योजना र गुरुयोजना बनाई खरिद कार्य गरेको देखिएन । अतः पालिकाले खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

१४ योजना प्राथमिकीकरण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने र योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वियनमा ल्याउनु पर्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नानुसार रु.२५ करोड २८ लाख ६७ हजारका ७७ योजना कार्यान्वियन गरेको छ।

क्र श	विवरण	योजना संख्या	रकम
१	रु १ लाख देखि ५ लाख सम्मका योजना	२१	८१४७०००
२	रु ५ लाख देखि १० लाख सम्मका योजना	११	९८७३०००
३	रु १० लाख देखि २० लाख सम्मका योजना	२०	३४७४७०००
४	रु २० लाख देखि ५० लाख सम्मका योजना	८	२७१०००००
५	५० लाख भन्दा माथिका योजना	१७	१७३००००००
	जम्मा	७७	२५२८६७०००

उपर्युक्त विवरण अनुसार पालिकाले अधिकाश ५ लाख भन्दा साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ ।जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृति खर्च मा बृद्धि भै लागत प्रभावहीन हुने तथा निर्माण कार्यको गुणस्त रमा समेत प्रश्न उठ्ने गरेको छ ।तसर्थ पालिका ले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण गरी छनौट गरी सोको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

१५ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन्:

१५.१ वजेट व्यवस्थापनतर्फ

· स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन नगरेको,गाउँपालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन,

· अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालिन खर्चको संरचना तयार नगरेको.

· दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकीकृत दीर्घकालिन योजना तयार नगरेको,

· गाउँपालिकाले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका स्वीकृति गरी सोको पालना नगरेको,

· गाउँपालिकावाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार न गरेको ।

· अवकास कोष सम्वन्धि कानूनी व्यवस्था कार्यान्वियन नगरेको।

१५.२ भ्रमण खर्च व्यवस्थापनतर्फ

·भ्रमण खर्च नियमावली, २०६४ अनुसार कार्यालयले भ्रमण काजमा खटाउँदा भ्रमणअभिलेख व्यवस्थित नगरेको,

·नियमावलीमा उल्लेख भएबमोजिम भ्रमण पश्चात् भ्रमण प्रतिवेदन लिने नगरेको ।

१५.३ खरिद व्यवस्थापन तर्फ

· सार्वजनिक खरिद ऐन २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार नगरेको,

· सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको,

· सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण नगरेको,

· गाउँपालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण नगरेको,

· गाउँपालिकाले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वियन र अभिलेख राख्ने नगरेको,

· ठेक्का तथा उपभोक्ता समिती मार्फत कार्य गरेकोमा विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टेन्जेन्सी खाता नराखेको ,

· प ालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी केही सामान वडा कार्यालय तथा विभिन्न शाखामा वितरण गरेको पाईयो भने वडा मा रहेका सम्पुर्ण सामान पालिकाको मुल जिन्सी खातामा उक्त सामान न चढाएको,

· जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा नगरेको ,

१५.४ शिक्षातर्फ

· पालिकाले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको छैन,

· शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS):- कार्यक्रम कार्यान्वियन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वियन नभएको ,

· शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ मा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने , सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरी राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार नगरेको ।

१५.५ सेवा प्रवाह तथा विविधतर्फ

· मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको

· कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखे नराखेको,

· कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखी तेरिज बनाइ कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित नगरेको,

· मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समिति तथा नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार पेश्की फर्स्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा नगर ेको साथै सम्पती समेत आम्दानी बाधी अध्यावधिक नगरेको ।

· स्थानीय सरकार सञ्चालन ऐन , २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू- संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा यस स्थानीय तहले जग्गाको उपयोग सम्बन्धी मापदण्ड बनाई लागू न गरेको ।

· सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली , २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।

· सवारी साधनको मर्मत अभिलेख अद्यावधिक गरी राख्ने गरेको छैन ।

· कर्णाली प्रदेश स्थानीय सेवा ऐन २०८१ को दफा ६ वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन ।

· कर्णाली प्रदेश स्थानीय सेवा ऐन २०८१ को दफा ४३ वमोजिम कर्मचारीहरुको प्रत्येक वर्ष तलवी प्रतिवेदन पारित गराई तलब भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालय ले आर्थिक वर्ष २०८१। ८२ को तलवी प्रतिवेदन पारित नगरी समानीकरण अनुदान र राजश्व वाँडफाँड शिर्षकवाट रु . १ करोड २६ लाख ३८ हजार तलब खर्च लेखेको छ ।

· पालिकाले आफ्नो क्षेत्रभित्रको विभिन्न स्थानको दुरी प्रमाणित गरी नराखेको कारण ढुवानी खर्चको वास्तविकता एकिन गर्न सकिएन।

· सामाजिक सुरक्षा भत्ता वितरणमा लाभग्राहीको मृत्यू दर्ताको विवरण पेश नभएकोले मृत्यू पश्चात निकासा भए नभएको एकिन गर्न सकिएन।

· पालिकाले कार्यपालिको निर्णय किताब लेखापरीक्षणको क्रममा माग गरेकोमा पेश भएको छैन ।जसले गर्दा कार्यापालिको निर्णयले खर्च तथा राजस्व प्राप्तिमा असर परे नपरेको सम्बन्धमा एकिन गर्न सकिएन ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउ नुपर्दछ ।

१६ **सार्वजनिक सम्पती व्यवस्थापन प्रणाली PAMS को प्रयोग**

नेपाल सरकारको २०७७ कार्तिक २० को निर्णयअनुसार सबै तहको सरकारी कार्यालयको सार्वजनिक कोषको खर्चमा वित्तीय पारदर्शिता र जबाफदेहिता साथै विद्युतीय सुशासन कायम गरी सेवा प्रवाहमा चुस्तता गुणस्तरीयता र प्रभावकारिता कायम गर्न ३ वटै सरकारले लागू गर्नुपर्ने गरी सार्वजनिक सम्पती व्यवस्थापन प्रणाली PAMS प्रयोगमा ल्याएको छ। यस पालिकाले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली आंशिक रुपमा लागू गरेतापनि पुर्ण रुपमा लागु नगरेको कारण पालिकाको सम्पुर्ण सार्वजनिक सम्पती तथा सोको मौद्रिक मुल्य सम्वन्धमा एकिन गर्न सकिएन। पुर्ण रुपमा लागु नगरेकोले खरिद गरेका वस्तु तथा सेवाको अभिलेख तथा संरक्षण सहि तथा यथार्थ छ भन्नेमा विश्वस्त हुन सक्ने अवस्था भएन। यस प्रणाली पुर्ण रुपमा लागु गरी सम्पतीको अभिलेख तथा संरक्षण गर्नुपर्दछ।

१७ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

१८ **अवकास कोष**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ ।कर्णाली प्रदेश स्थानीय सेवा ऐन २०८१ को दफा १२५ मा पालिकाले आफ्नो वहालवाला कर्मचारी अवकासप्राप्त कर्मचारी तथा निजको परिवारको कल्याणको लागि कर्मचारी कल्याण कोष स्थापना गर्न सकिने उल्लेख छ। पालिकाले कर्मचारी अवकास कोष सम्बन्धी व्यवस्था गरेको छैन। पालिकाले कानूनको तर्जुमा गरी उक्त कोष सञ्चालन मा ल्याउनु पर्दछ ।

१९ **कानुन निर्माण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म २ नीति ५ ऐन, ३ नियमावली, १ निर्देशिका र ६ वटा कार्यविधि, १ मापदण्ड निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका वाँकी विषयमा कानुन वनाई कार्यान्वियन गर्नुपर्दछ।

२० **न्यायिक समिती**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ न्यायिक समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । पालिकामा यस वर्ष न्यायिक समितीमा कुनै पनि उजुरी दर्ता नभएको पालिकाले जनाएको छ।

२१ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणालीमा (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले सहकारि संस्था दर्ता सम्बन्धी विवरण तथा सहकारी अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन माग गरेकोमा लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । पालिकाले सहकारी दर्ता गरि अनुगमन गर्नु पर्दछ ।

२२ **आन्तरिक लेखापरीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । पालिकाले यस वर्ष त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण नगरी आर्थिक वर्षको अन्त्यमा आन्तरिक लेखपरीक्षण गरेको छ । तसर्थ कानुनमा तोकिए बमोजिम त्रैमासिक रुपमा आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

२३ **पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ५०(३) मा सार्वजनिक निकायले व्यक्ति फर्म सस्था वा कम्पनीलाई दिइने पेश्की सम्झौताको शर्त वाहेक चालु आर्थिक वर्षको अन्त्यसम्ममा फछ्यौट गरिसक्ने गरी पेश्की प्रदान गर्ने उल्लेख छ। कार्यालयले देहायवमोजिम प्रदान गरेको पेश्की रकम आर्थिक वर्षको अन्त्य सम्म फछ्यौट नभएको म्याद नाघेको पेश्की फछ्यौट गर्नुपर्दछ।

क्र. सं .	**पेश्की लिएको मिति**	**गो. भौ . न .**	**पेश्कीको विवरण**	**पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम**	**रकम**
१	२०८२।१।२१	१८६	मेसिनरी औजार मर्मत	लालिमान रोकाया	७००००
				पेश्की	७०,०००

२४ **आन्तरिक आयतर्फ**

२४.१ आन्तरिक आय - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८१।८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

संघ तथा प्रदेशवाट अनुदान तथा राजश्व बाँडफाड बाट प्राप्त रु	आन्तरिक आय रु	आन्तरिक आय प्रतिशत
३६७९७१७३४	६५६४६४	० . १७८

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ० . १७८ प्रतिशत मात्र रहेको छ ।त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

२४.२ राजश्व संकलनः काइके गाउँपालिकाको आर्थिक ऐन २०८१।८२ को दफा २ देखि १५ सम्म सम्पत्ति कर, घर वहाल कर, ,जडिवुटी कवाडी र जीवजन्तु कर, सवारी साधन कर विज्ञापन कर, मनोरञ्जन कर वहाल विटौरी शुल्क, पार्किङ शुल्क र घर नक्सा पास शुल्क लगायतका विभिन्न कर संकलन गर्ने उल्लेख गरेको छ।पालिकाले यस वर्ष उल्लेखित विषयमा राजश्व संकलन गरेको छैन भने राजश्व संकलनको लागि डाटावेस समेत तयार गरेको छैन। पालिकाले आफ्नो क्षेत्राधिकारको विषयमा राजश्व संकलन गरी आन्तरिक श्रोत वढाउनेतर्फ ध्यान दिनुपर्दछ।

२४.३ राजश्वको आम्दानी अभिलेखः आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २७(५) मा राजश्व लगत राख्ने तथा लेखा राख्ने, हिसाव भिडान गर्ने, वित्तिय विवरण तयार गर्ने, लेखापरीक्षण गराउने उत्तरदायित्व कार्यालय प्रमुखको हुने उल्लेख छ।

पालिकाले यस वर्ष रु.६५६४६४। आन्तरिक राजश्व संकलन गरेकोमा आन्तरिक आम्दानीलाई सुत्रमा आम्दानी वाँधेको छैन।जसको कारण सुत्रको वित्तिय विवरणमा पालिकाको आन्तरिक आम्दानी शुन्य देखिएको छ भने वित्तिय विवरणले समेत यथार्थ अवस्था चित्रण गरेको छैन।

२४.४ भुमिकर मालपोतः काइके गाउँपालिकाको आर्थिक ऐन २०८१।८२ को अनुसुची २ मा भुमिकर मालपोत वापत वार्षिक रु.५५००००। संकलन गर्ने लक्ष्य लिएको देखिन्छ।पालिकाले यस वर्ष भुमिकर मालपोत शिर्षकमा रु.२५१३३।६७ अर्थात लक्ष्यको ४.५६ प्रतिशत मात्र असुल गरेको छ।पालिकाले लक्ष्य अनुसार राजश्व संकलन गर्नुपर्दछ।

२४.५ **आन्तरिक आम्दानी:** पालिकाले यस वर्ष देहायवमोजिम आन्तरिक आम्दानी संकलन गरेको छ।

क्र स	शिर्षक	रकम
१	परीक्षा दस्तुर	७५००
२	वेरुजु दाखिला	२८८०००
३	वोलपत्र दस्तुर	९६०००
४	मालपोत दस्तुर छुट समेत	२५१३३ . ६७
५	व्यक्तिगत घटना दस्तुर	२६४००
६	व्यवसाय रजिष्ट्रेशन तथा नविकरण	११४४५
७	अन्य आन्तरिक आय	१९२९८६
	कुल जम्मा	६५६४६४

यस सम्वन्धमा निम्नानुसार देखिएको छ।

२४.६ असुली गर्न बाँकी आन्तरिक आय : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । पालिकाले उठ्न बाँकी रहेको रकमको आयगत लगत समेत तयार गरेको छैन । जसबाट उठ्नुपर्ने राजस्वको समष्टिगत लगत तयार गरी वास्तविक प्राप्तीको अभिलेख तयार गर्नुपर्ने र सोही अनुसार आयको लेखाङ्कन गरी उल्लिखित रकम व्याज तथा हर्जना समेत यकिन गरी असुल गर्नुपर्दछ ।

२५ **राजश्व वाँडफाँड राजश्व अभिलेखः**

कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । यस पालिकाले यस बर्षको राजस्वको अभिलेख लेखापरीक्षणको क्रममा पेश भएको छैन । साथै अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ अनुसार स्थानीय तहले आर्थिक ऐन बमोजिम असुल गरेको प्रदेश र स्थानिय तह विच बाँडफाड हुने रकमको विवरण पालिकाले राखेको छैन ।पालिकाले राजश्व असूली व्यवस्थित गर्नुपर्दछ ।

२६ **प्राकृतिक स्रोत साधनको रोयल्टीः**

स्थानिय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ मा गाँउपालिकाको काम कर्तब्य र अधकार सम्बन्धी व्यवस्था गरेकोमा दफा ११ (घ) को बुदा न ६ मा ढुङ्गा गीट्टी बालुवा माटो काठ दाउरा जराजुरी स्देट खरीढुङ्गा आदि प्राकृतिक बस्तुको विक्रि तथा निकासी शुल्क दस्तुर सङ्कलन गर्न सक्ने तथा दफा ६२(क) मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्र भित्र वातावरणीय प्रभाव मुल्याङ्कन तथा प्रारम्भिक बाताबरणीय परिक्षणबाट तोकिएको परिमाणा सिलेट मा ढुङ्गा, गिट्टी,स्लेट बालुवा एमब् माटोजन्य बस्तुको विक्रि गर्न सक्ने व्यवस्था रहेको छ। साथै कर्णाली प्रदेश आर्थिक ऐन २०८१ को अनुसुची ७ ढुङ्गा, गिट्टी, बालुवा, स्लेट ग्राभल र रोडा विक्री धाटगद्दी

(स्वीकृत खानी क्षेत्र बाहेक) प्रति क्यू फिट ५ रुपैयाका दरले शुल्क लगाई असूल गर्नुपर्ने व्यवस्था गरेको छ । साथै मूल्य अभिवृद्धि कर ऐन, २०५२ को १५(३) मा मूल्य अभिवृद्धि कर लाग्ने वस्तुको बिक्री गर्दा मूल्य अभिवृद्धि कर असुल गरी बेदर्तावालाबाट सङ्कलन गरिने राजस्व शिर्षक नं.३३११७ मा दाखिला गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले तयार गरेको आर्थिक ऐनमा यस बर्ष प्रकृतिक स्रोतको रोयल्टी सम्बन्धी शुल्क नतोक्नुको साथै कुनै शुल्क उठाएको छैन। तर पालिकाबाट भएका पूँजिगत तर्फका आयोजनाहरुमा स्थानिय ढुङ्गा गिट्टी तथा बालुवा प्रयोग गरेको देखिएकोले पालिकाले आफ्नो क्षेत्राधिकार भित्रको रोयल्टी सङ्कलन गर्नु पर्दछ ।

२७ गाउँपालिकाको आन्तरीक आय

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था अनुसार यस पालिकाले यस बर्ष रु ३० लाखको आन्तरिक राजस्वको लक्ष्य रहेकोका लक्ष्य अनुसारको राजस्वको निर्धारण तथा असूली गरेको छैन । स्थानिय सरकार सन्चालन ऐन २०७४ को दफा ११ (घ) मा गाउँपालिका तथा नगरपालिकाको काम कर्तव्य तथा अधिकामा स्थानिय कर सेवा शुल्क तथा दुस्तुर संघ तथा प्रदेश कानूनको अधिनमा रही सम्पति कर, घरबहाल कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, व्यवसाय कर लगायतको कर उठाउन सक्ने त्यस्तै सिफारिस, अनुमती, नविकरण आदिको शुल्क, दस्तुर निर्धारण र सङ्कलन लागतयका राजस्व असूल गर्नुपर्ने व्यवस्था लगातयको व्यवस्था रहेको, साथै कर्णाली प्रदेशको आ व २०८१।८२ को आर्थिक ऐनमा विभिन्न सेवा शुल्क तोकेको साथै पालिकाले समेत यस बर्ष आर्थिक ऐनमा विभिन्न सिफारिस दस्तुर तथा घर तथा जग्गा नामसारी दस्तुर र नक्सापास सिफारिस दस्तुर बापत रु ५० देखी १०००।०० सम्म शुल्क तोकेको साथै बन उपभोक्ता समिती लाई व्यवसाय कर प्रति बर्ष ५०० तथा अन्य समूह लाई प्रतिवर्ष रु ५० तथा घर जग्गा मूल्यांकन दस्तुर १०० देखी १०००।०० सम्म, नक्सापास दस्तुर प्रति वर्ग फिट रु ३ देखी ५ सम्म नक्कल प्रतिलिपी प्रमाणित दस्तुर प्रति पाना रु ५० का साथै यार्सा गुम्बा प्रति के जि ५००० देखी अन्य ११ थरीका जडीबुटीका लागी जडीबुडी तथा खनिज दस्तुर तोकेकोमा पालिकाले यस बर्ष सेवा शुल्क वापत रु३६८४६४।मात्र (वेरुजु वाहेक) असूल गरी दाखिला गरेको देखाएता पनि नगदी रसिद रसिद नियन्त्रण खाता तथा उठेको विवरण सम्वन्धका प्रमाण कागजात पेश गरेको छैन । जसले गर्दा पालिकाले उठ्नुपर्ने राजस्व नउठाएको वा उठेको सम्पुर्ण राजस्व पालिकाको राजस्व खातामा दाखिला नभएको एकिन गर्न सकिएन । पालिकाले आफ्नो क्षेत्राधिकार भित्रको राजस्व तथा प्रदेश सरकारले तोकेको राजस्व असुल गरी आन्तरिक आय वृद्धि गर्नेतर्फ ध्यान दिनुपर्दछ

२८ आर्थिक सहायता

सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा सरकारको बार्षिक कार्यक्रममा परेका बाहेक कुनै पनि सरकारी तथा गैरसरकारी संस्थालाई आर्थिक सहायता र अनुदान नदिने, तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता तथा औषधी उपचार खर्च वापत आर्थिक सहायता प्रदान गर्ने, यस्तो सहायता पाउने व्यक्ति तथा संस्थाको अभिलेख राखी एउटै व्यक्ति वा संस्थालाई दोहोरो सहायता उपलव्ध गराउन नहुने व्यवस्था उल्लेख छ।साथै उपरोक्त व्यवस्था प्रदेश सरकार तथा स्थानीय तहका सवै कार्यालयहरु, सवै पदाधिकारी एंव कर्मचारीहरुले पालना गर्नुपर्ने उक्त मार्गदर्शनमा उल्लेख छ। पालिकावाट प्राप्त विवरण अनुसार औषधी उपचार शिर्षकवाट देहायवमोजिम ८ लाख १० हजार आर्थिक सहायता वितरण गरेको देखियो। कार्यालयले आर्थिक सहायता पाउने व्यक्ति तथा संस्थाको लगत राख्ने नगरेको, आर्थिक सहायता पाउने व्यक्तिको आर्थिक अवस्था एकिन नगरेको, आफ्नो पालिकावाहिर स्थायी ठेगाना भएको व्यक्तिलाई समेत आर्थिक साहायता वितरण गरेको र आर्थिक सहायता कार्यविधि भएकोमा कार्यपालिका वैठकवाट पटके निर्णयको आधारमा सहायता वितरण गरेको देखियो।पालिकाले आर्थिक सहायता एंव अनुत्पादक चालु प्रकृतिका खर्चमा कटौती नगरी पूँजिगत खर्चको हिस्सा बढाउन सक्ने अवस्था छैन।उत्पादनशिल क्षेत्रमा लगानी नगरी आर्थिक बृद्धि हासिल गर्न नसकिने भएकोले यस्ता प्रकृतिका खर्चमा कटौती गर्नुका साथै तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता र औषधी उपचार खर्च लेख्नुपर्ने देखिन्छ।केहि उदाहरणहरु निम्नानुसार रहेका छन।

क्र श	आर्थिक सहायता पाउने व्यक्ति	रकम रु
१	चन्द्र वुढा	५००००
२	धावा छिरिङ लामा	५००००
३	तेजेन्द्र वहादुर वुढा	१०००००
४	कैलाश वुढा	५००००
५	पदम वहादुर वुढा	८००००
६	कर्म रोकाया	८००००
७	पेम्वा रोकाया	३००००
८	तोर्चे रोकाया	३००००
९	नर प्रसाद वोहरा	४००००
१०	गंगा रोकाया	३००००
११	विक्रम राज वुढा	३००००
१२	सन्तोष वुढा	८००००
१३	माल वहादुर वुढा	३००००
१४	प्रताप वुढा	४००००
१५	वम वहादुर रोकाया	२००००
१६	सुक वहुदर वुढा	५००००
१७	चन्द्र वुढा	२००००
	जम्मा	८१००००

२९ **अनुगमन तथा भ्रमण खर्च**

भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सो को अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय वनाउन आवस्यकता अनुसार आन्तरीक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ ।कार्यालयले यस वर्ष अनुगमन मुल्यांकन तथा भ्रमण खर्च र विशिष्ट व्यक्ति वा प्रतिनिधि मण्डलको भ्रमण शिर्षकमा रु ३१ लाख खर्च लेखेकोमा भ्रमणको उद्धेश्यमा कार्यालयको कामकाज मात्र उल्लेख गरेको र अनुगमन तथा भ्रमणको प्रतिवेदन राखेको छैन । कार्यालयले भ्रमण विल भुक्तानी गर्दा भ्रमणको उद्देश्य पुरा भए नभएको सम्वन्धमा एकिन गरी भ्रमण प्रतिवेदन तयार भएपश्चात मात्र भ्रमण खर्च भुक्तानी गर्ने परिपाटी वसाल्नुपर्दछ।

३० **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष विविध शिर्षकवाट २१ लाख ४१ हजार खर्च गरेको छ। त्यस प्रकारको खर्च विभिन्न वडा कार्यालय तथा पालिकामा विषयगत शाखाका कार्यक्रममा भएको पालिकाले जानकारी गराएको छ।।यस्तो प्रवृत्तिमा नियन्त्रण गरी खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ। केहि उदाहरणहरु निम्न छन।

गो . भौ . नं ./ मिति	भुक्तानी पाउनेको नाम	रकम
४० , २०८१।८।१८	होटल रोयल एण्ड रेष्टुरेण्ट	२३२४००
४१ , २०८१ ।८।१८	होटल रोयल एण्ड रेष्टुरेण्ट	३२२२००
१५७ , २०८२।१।१५	नमस्ते रेष्टुरेण्ट / मेलिया रेष्टुरेण्ट	१७०९००
२६३ , २०८२।३।२०	नमस्ते रेष्टुरेण्ट / मेलिया रेष्टुरेण्ट	२१७५००
२३।२०८१।१०।२४ संघिय पुँजिगत	होटल रोयल एण्ड रेष्टुरेन्ट	३०३०००
३१।२०८२।२।२९ संघिय पुँजिगत	ओज्मन रेष्टुरेन्ट	१८५०००

३१ **अनुदानको अनुगमनः**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले कृषि, पशु, शैक्षिक सेवा, लागायतको वस्तुगत सहायता ताथ अनुदान विभिन्न अनुदान तथा कर्यक्रम राखी विरुवा लागतयको खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

३२ **एक्साभेटरको प्रयोगः**

काईके गाँउपालीका अर्न्तगत विगत आ.व. देखि नै एक्साभेटर रही आएकोमा सोको प्रयोग बाट पालीकाले आम्दानी गरेको देखिएन । डोजरको संचालनको लागी पालीकामा समिती गठन भएको र एकजना ड्राइभर र एक जना हेल्पर गरी २ जना कर्मचारीनियुक्ति भै २ जनाको मासिक हजारको दरले चाडपर्व खर्च समेत रु. ५ लाख ८४ हजार ८०० र कृषि एम्बुलेन्स सञ्चालनका लागि १ ड्राइभर राखि रु४१००३८। खर्च लेखेको छ।पालिकाले यस वर्ष उक्त एक्साभेटर तथा कृषि एम्वुलेन्स प्रयोग गरी आम्दानी गरेको देखिएन तर निजहरुको हाजिरी प्रमाणित गरी तलव भत्ता भुक्तानी गरेको छ। यस सम्वन्धमा पालिकासंग छलफल गर्दा निजहरु कार्यालय सहयोगिको कार्य गरेको पालिकाले जनाएको छ।एक्साभेटरको जिन्सी दाखिला सार्वजनिक सम्पती व्यवस्थापन प्रणाली (PAMS) मा समेत नदेखिएकोले एक्साभेटर तथा कृषि एम्वुलेन्स सञ्चालनको सम्वन्धमा पालिकाले कार्यविधि तयार गरी सञ्चालन गर्नुपर्दछ।

३३ **कृषि एम्वुलेन्सः**

काईके गाँउपालिका को कार्यापालीकाको २०८१ जेष्ठ १० गतेको निर्णय नं. १ अनुसार का्इके गाँउपालीकाको कृषि शाखा अर्न्तगत कृर्षि एम्बुलेन्स खरीदको लागी संघिय सरकारबाट रु. १९७५०००।० र कर्णाली प्रदेश समानीकरण अनुदान भैपरी बाट रु ७७५०००।० बजेट विनियोजन गरी क्याटलग विधी बाट अग्नी इनकर्पोरेटेड प्रा.ली. संग रु २४९९०००।० मू अ कर सहित मिति २०८१।२।८ मा खरिद गरेकोमा गत बर्ष सम्म उक्त एम्बुलेन्स सन्चालनमा नल्याएको भनि अविलम्ब संचालन कार्यविधी तयार गरी संचालनमा ल्याउनु पर्दछ भनि बेरुजू औल्याईएकोमा हाल सम्म कार्याविधी तयार नगर्नुका साथै सन्चालनमा समेत ल्याएको देखिएन

३४ **अन्य कार्यालयको खर्चः**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत वजेट खर्च गर्दा नियमितता, प्रभावकारीता कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था रहेको छ।त्यसैगरी ऐनको दफा ११ मा स्थानीय तहको कार्यक्षेत्रको सम्वन्धमा समेत उल्लेख गरेको छ।पालिकाले यस वर्ष आफ्नो कार्यक्षेत्र भन्दा वाहिरको कार्यालयको लागि वजेटमा व्यवस्था गरी भौ नं ५५।२०८२।३।२४ वाट प्रहरी चौकि माथिल्लो शहरतारा र नाम्दो प्रहरी वडा नं २ लाई विविध खर्च बापत रु.८६३०९। खर्च लेखेको छ।पालिकाको मातहत वाहेकको कार्यालयको सञ्चालन गर्न सोही कार्यालयको तालुक कार्यालयवाट वजेट व्यवस्थापन हुने र नगरपालिकामा यस प्रकारको खर्चले थप व्ययभार वढ्दै जाने देखिन्छ।यस प्रकार खर्चमा नियन्त्रण गर्नुपर्दछ।

३५ **भ्रमण पुष्ट्याई बेगर खर्चः**

गो भौ न ५५ मिति २०८२।३।२४ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २४ मा सरकारी खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उच्चतम गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नु पर्ने व्यवस्था छ । यसरी खर्च गर्दा खर्च गर्ने अधिकारीले स्वीकृत बजेट खर्च गर्दा नियमितता मितव्ययिता कार्यदक्षता प्रभावकारीता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । त्यस्तै आर्थिक कार्यविधि तथा उत्तरदायित्व नियमावलीको नियम ४१ अनुसार कार्यालय प्रमुखले सरकारी रकम खर्च गर्नु भन्दा पहिला आवश्यकता पहिचान गरी खर्च गर्नुपर्ने स्थानमा मात्र खर्च लेख्नुपर्ने व्यवस्था गरेको छ । साथै अर्थ मन्त्रालयको सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड २०७८ मा सार्वजनिक निकाय तथा सार्वजनिक पद धारण गरेको व्यक्तिले खर्चमा मितव्ययिता कायम हुने गरी खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । यस पालिकाकाले असार मसान्तमा निम्नानुसार भ्रमण पुष्ट्याई हुने प्रमाण कागजात तथा भ्रमणको उदेश्य नखुलाई काठमाण्डौ, नेपालगन्ज तथा सुर्खेत भ्रमण गरेको देखाई भ्रमण प्रतिवेदन पेश गरकोमा भ्रमण गरेको खुल्ने व्यहोरा तथा पुष्ट्याई पेश नभएकोले भ्रमणको प्रयोजन खुल्ने प्रमाण पेश गर्नुपर्दछ। अन्यथा असुल गर्नुपर्दछ।

क्र स	भुक्तानी पाउनेको नाम पद	भुक्तानी भएको रकम	कैफीयत
१	कान्छी राना	२५०००	भ्रमण विल तथा उदेश्य नखुलाई भ्रमण गरेको साधनको विल भरापाई पेश तथा भ्रमण गरेको पुष्ट्याई हुने प्रमाण बेगर खर्च ।
२	लक्ष्मी घर्ति	४००००	भ्रमण विल तथा उदेश्य नखुलाई भ्रमण गरेको साधनको विल भरापाई पेश तथा भ्रमण गरेको पुष्ट्याई हुने प्रमाण बेगर खर्च ।
३	पासाग लामु रोकाया	४००००	भ्रमण विल तथा उदेश्य नखुलाई भ्रमण गरेको साधनको विल भरापाई पेश तथा भ्रमण गरेको पुष्ट्याई हुने प्रमाण बेगर खर्च ।
४	रामचन्द्र रोकाया	४००००	भ्रमण विल तथा उदेश्य नखुलाई भ्रमण गरेको साधनको विल भरापाई पेश तथा भ्रमण गरेको पुष्ट्याई हुने प्रमाण बेगर खर्च ।
५	राजु रोकाया	२५०००	भ्रमण विल तथा उदेश्य नखुलाई भ्रमण गरेको साधनको विल भरापाई पेश तथा भ्रमण गरेको पुष्ट्याई हुने प्रमाण बेगर खर्च ।
६	नरेन्द्र रोकाया	३००००	भ्रमण विल तथा उदेश्य नखुलाई भ्रमण गरेको साधनको विल भरापाई पेश तथा भ्रमण गरेको पुष्ट्याई हुने प्रमाण बेगर खर्च ।
७	डिलाराम झाक्री	१००००	भ्रमण विल तथा उदेश्य नखुलाई भ्रमण गरेको साधनको विल भरापाई पेश तथा भ्रमण गरेको पुष्ट्याई हुने प्रमाण बेगर खर्च ।
८	छिरिङ् तुन्डुप लामा	४००००	भ्रमण विल तथा उदेश्य नखुलाई भ्रमण गरेको साधनको विल भरापाई पेश तथा भ्रमण गरेको पुष्ट्याई हुने प्रमाण बेगर खर्च ।
९	निमा बुढा	२५०००	भ्रमण विल तथा उदेश्य नखुलाई भ्रमण गरेको साधनको विल भरापाई पेश तथा भ्रमण गरेको पुष्ट्याई हुने प्रमाण बेगर खर्च ।
	जम्मा	२७५०००	

प्रमाण पेश नगरेको	२,७५,०००

३६ **ठेक्का अभिलेखः**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध

हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

३७ **प्राविधिक बिल र कार्य सम्पन्नः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान हाराहारी नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

३८ **उपभोक्ता समितिको अग्रिम आयकरः**

आयकर ऐन २०५८ को दफा ८९(३क) मा उपभोक्ता समिति मार्फत ५० लाख भन्दा बढीको कार्य गराएकोमा भुक्तानीमा १।५ प्रतिशतका दरले कर कट्टा गर्नुपर्नपे व्यवस्था रहेकोमा यस पालिकाले निम्नानुसार ५० लाख भन्दा बढीको उपभोक्ता समिती मार्फत कार्य गराएकोमा न्यून कर कट्टा गरेको रु५०२९४। असूल हुनु पर्दछ ।

गो भौ न र मिति	उपभोक्ता समितीको नाम र कामको विवरण	सम्झौता रकम	भुक्तानी रकमा	१।५ प्रतिशतले हुने कर	कर कट्टा गरेको रकम	नपुग कर
प्रदेश पूँजीगत तर्फ ३६ २०८२।३।२२	खानि गाँउ स्वास्थजय चौकी भवन निर्माण उ स वडा न ५	५६९०५६९। ००	४७९५०१६। ००	७१९२५।००	५३७०६। ००	१८२१९। ००
प्रदेश पूँजीगत तर्फ ३७ २०८२।३।२३	अरनिको माध्यमिक विद्यालय	७७७८०६०। ००	४७५८६७३। ००	७१३८०।००	५९२५२। ००	१२१२८। ००
सँघिय पूँजिगत २८ २०८२।२।२९	व्यासिगार्ड बन्ठादा चिल्पारा सडक स्तोरन्नती कार्य उ स	९११४०२०। ९२	५५६४७१३। ००	८३४७०।९६	६३५२३। ००	१९९४७। ००
जम्मा						५०२९४
					असुल गर्नुपर्ने	५०,२९४

३९ **फरक दरमा भुक्तानीः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स तथा दररेटको प्रयोग गर्नुपर्दछ । यस स्थानिय तहको उपभोक्ता समिती मार्फत निर्माण कार्यको दर विश्लेषण गर्दा जिल्ला दररेट अनुसार ढुङ्गा खरिदको मुल्य राखेको छ । यस पालिका अन्तर्गत कुनै पनि क्रसर उघोग नरहेको र लिड पनि नजिक रहेको साथै पालिरकाले कुनै पनि ढुङ्गा गीट्टी बालुवाको रोयल्टी सङ्कन नगरेको हुँदा उक्त ढुङ्गा गिट्टी बालुवा स्थानिय स्तरमा नै सङ्कलन गरी प्रयोग गरेको देखिएको र केही आयोजना छनौट गरी परीक्षण गर्दा दर विश्लेषण स्वीकृत नर्म्स भन्दा निम्नानुसार बढी दरले रु.३९२४३७४।९ भुक्तानी भएको सम्वन्धमा कार्यालयवाट एकिन गरी उपभोक्ता समितीमार्फत असूल गर्नु पर्दछ । रु

क्र.सं.	योजनाकोनाम	नयाँ दर	पुरानोदर	फरकदर	कुल काम भएको परिमाण	उस योगदान	कुलजम्मा	वढीभुक्तानी
१	भोर्वे देखिच्यासरा सम्म घोरेटो वाटो निर्माण उ स	४७२४	५४५३	७२९	३५	२४	२५५९५	१९३८५
२	कोला गाउ देखि कोला सम्म सडक निर्माण तथा स्तरोन्नति	४५५४.८	५६७४.५६	१११९.७६	१०२.	२१.	११४२११६	९०२३०
३	जगते देखि कटेन सम्म गोरेटो बाटो निर्माण	४८९३.७२	५४५३.४५	५५९.७३	४२.६	७	२३८४४.५	२२१७५
४	शहरतारा देखि रिवा खोला सम्म घो बा निर्माण	४५५४.८	५२२७.५	६७२.७	३५.९४	२५.८६	२४१७६.८	१७९२५
५	गाङ देखि पचिनाम सम्मको सडक स्तरोन्नती	४७२४.२६	५४५३.४५	७२९.१९	४२.७५	२१.	३११७२.९	२४६२७
६	जवानी स्याउ ओखर खेति निर्माण योजना काईके	४८९३.७२	५२२७.५	३३३.७८	१५.१५	९.	५०५६.७७	४६०१.७
७	नाम्देल देखि जकर्ना सम्म घो. बा. निर्माण	४७२४.२६	५२२७.५	५०३.२४	३४.	७.	१७११०.२	१५९१२
८	सरेन देखि तुल्पा सम्मा पर्खाल निर्माण योजना	४५५४.८	५५६६.४२	१०११.६२	३६९.६	२५.५३	३७३८९५	२७८४३९
९	शहरतारा थान्गे हुदै सनदह तीर्थस्थल पदमार्ग निर्माण	४५५४.८	५७९२.३६	१२३७.५६	४१९.८५	२१.	५१९५९०	४१०४७६
१०	पेथांग फलफूल खेति पर्खाल घेराबार निर्माण आयोजना	४०४६.४२	५४५१.०३	१४०४.६१	१३०.४९	७००	१८३२८८	१७०४५७
११	पुथा देखि लुजुङ च्योपुथा सम्म घोरेटे बाटो निर्माण काईके	४८९३.७२	५५६६.४२	६७२.७	११५.५२	९.	७७७१०.३	७०७१६
१२	यालकोट देखि गुम्बा सम्म सडक निर्माण तथा स्तरोन्नति	४२१५.८८	५४५१.०३	१२३५.१५	२९.४	२१.	३६३१३.४	२८६८८
१३	रिवपुवा गुरुको मुर्ति निर्माण कार्य म्याचिब फण्ड	९०६५.६८	१०४२९.०५	१३६३.३७	८१.	२६.६४	११०४३३	८१०१४
१४	लम्जुदेखि टिक्चे देब हुदै बर्मकोट सम्म गोरेटो बाटो निर्माण काईके	४१३१.१५	५४५३.४५	१३२२.३	१३२.	२४.३७	१७४५४४	१३२००७
१५	खर्वाखोला काठे पिल निर्माण	७७१०.	१०२९५.५४	२५८५.५४	१५.	१७.५१	३८७८३.१	३१९९२
१७	सेल्दुम कान्खा हुदै जवाडवाङ सम्म पर्यटन पदमार्ग निर्माण काईके ४	४२१५.८८	५५६६.४२	१३५०.५४	२२४.	२४.९७	३०२५२१	२२६९८१
१८	खाबखोला सामूहिक स्याउ फर्म खेति निर्माण योजना	४०४६.४२	५२२७.५	११८१.०८	३.	७.	३५४३.२४	३२९५.२
१९	खुर्सानी बारी सिचाई तथा पदमार्ग निर्माण योजना काईके ४	४५५४.८	५२२७.५	६७२.७	१३०.२	९	८७५८५.५	७९७०३

२०	वदा नं.४मा ४ वटा काठे पुल निर्माण	७७१०.	१०२९५.५४	२५८५.५४	४३.८३	२९	११३३२४	८०४६०
२१	दबला हुदै थोप सम्म घो.बाटो निर्माण	४०४६.४२	५९०५.३४	१८५८.९२	८२.४	२७.२२	१५३१७५	१११४८१
२२	खानि गाउ देखि खङगो सम्म पदमार्ग निर्माण योजना	४३८५.३४	५५६६.४२	११८१.०८	३१.२	७	३६८४९.७	३४२७०
२३	चिङजार देखि घुरा छोतैन सम्म पदमार्ग निर्माण	४३८५.३४	५४५३.४५	१०६८.११	१२०	९	१२८१७३	११६६३८
२४	खुम्जुङ देखि डनस सम्म पदमार्ग निर्माण	४५५४.८	५४५३.४५	८९८.६५	४२	२५.६५	३७७४३.३	२८०६२
२५	सुर्बेछे गुम्बा निर्माण योजना	५०६३.१८	५५६६.४२	५०३.२४	७२	२४.५८	३६२३३.३	२७३२७
२६	डोल्पि जिल्ला लावन तथा बन्ठाडा क्षेत्रमा पूर्वधार निर्माण कार्य	४५५४.८	५६७९.३९	११२४.५९	३२.०६	२३.६९	३६०५४.४	२७४७७
२७	व्यसी गार्ड चिल्पारा बन्ढाडा व्यासी बैजेवारा हुदै व्यासी ऋषि सम्म पर्यटकिय पदमार्ग	५०६३.१८	५३९६.९६	३३३.७८	४६३.५	२६.०३	१५४७०७	११४४३७
२८	व्यसी गार्ड चिल्पारा बन्ढाडा व्यासी बैजेवारा हुदै व्यासी ऋषि सम्म पर्यटकिय पदमार्ग	५०६३.१८	५३९६.९६	३३३.७८	४९५.३	२५.६९	१६५३२१	१२२८५०
२९	स्थानिय तहको साझेदारी आवासीय विद्यालयको पूर्वधार भवन निर्माण सहयोग योजना	१६४३४.३४	२१८८३.८६	५४४९.५४	१६३.०३	२२.९७	८८८४३९	६८४३६४
३०	वडा नं.५ खानि गाउमा स्वास्थ्य चौकि भवन निर्माण	१३०८०.२७	१८५०८.०२	५४२७.७५	१४२.८९	१५.६५	७७५५७१	६५४१९४
३१	कोला गाउ देखि कोला सम्म सडक निर्माण तथा स्तरोन्नति	१२३५१.२१	१४२०९.२२	१८५८.०१	५७.७९	१७	१०७३७५	८९१२१
३२	गाङ देखि पुचीनान सम्मको सडक स्तरोन्नती	१२४२१.२१	१३२३९.४५	८१८.२४	४९.४५	१७	४०४६२.१	३३५८४
३३	यालकोट देखि गुम्बा सम्म सडक निर्माण तथा स्तरोन्नति	११९६२.५६	१३७२७.८५	१७६५.२९	६२.४४	१७	११०२२५	९१४८७
	जम्मा							३९२४३७५

असुल गर्नुपर्ने	३९,२४,३७५.९

४० **एकै कार्य दुई निकायबाट खर्च भएको शसर्त अनुदान फिर्ताः**

आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा १९ मा स्विकृत बजेट तथा कार्यक्रमको अधिनमा रही बजेट कार्यान्वयन गर्ने जिम्मेवारी तथा कर्तव्य लेखाउत्तरदायी अधिकृतको रहने व्यवस्था रहेको छ । साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४५ अनुसार सङ्घीय सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई बाँकी रहेको शसर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी संघिय सरकार तथा कर्णाली प्रदेश शसर्त अनुदान सम्बन्धी कार्यविधी मा शसर्त अनुदानको रकम जुन

आयोजनाक लागी प्राप्त भएको हो सो आयोजनामा मात्र खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । यसरी तोकिएको आयोजनामा खर्च हुन नसकी बाँकी रहेको रकम सम्बन्धीत संघ वा प्रदेश सन्चितकोष फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । डोल्पा जिल्ला स्थित खानेपानी, सिँचाई तथा ऊर्जा विकास कार्यालय, तथा काईके गाउँरपालिका दुवै ले काईके गाँउपालिका वडा न २ मा शहरतारा गाउँमा खानेपानी तथा ढल निकास योजना अन्तर्गत दुवै स्थानमा एकै कार्यको लागी डी पी आर कार्य वर्ल्ड हेरिसन कन्सट्रक्सनले तयार गरी १२० घरधुरी तथा ६२५ लाभग्राहीको लागी ७० लाखको परियोजना तयार गरी संघ तथा प्रदेशमा योजना माग गरेकोमा कर्णाली प्रदेशबाट खानेपानी, सिँचाई तथा ऊर्जा विकास कार्यालय डोल्पा कार्यालयमा तथा संघिय शसर्त अनुदानबाट काईके गाँउपालिका मार्फत रु ७० लाख निकायमा बजेट विनियोजन भएको देखिन्छ । खानेपानी, सिँचाई तथा ऊर्जा विकास कार्यालयबाट उक्त कार्य प्रतिशपर्धाको माध्यमबाट ठेक्का प्रक्रियामा गई छोयोपत्ता कन्सट्रक्सन प्रा लि सँग मिति २०८१ माघ २० मा रु ६६७५७४५।०० मू अ कर सहितको ठेक्का सम्झौता गरी लागत अनुमान अनुसारको कार्य सम्पन्न गरी रु ६५६७५२१।७८ भुक्तानी गरेको छ । त्यसैगरी काईके गाउँपालिकाले सोही स्थान अर्थात शहरतारामा १२० घरधुरीको लागी बजेट विनियोजन भएकोमा गाँउकार्यपालिकाको मिति २०८१।१।५ मा निर्णय गरी निर्णयमा सँघिय सरकार शसर्त पुँजिगत बाट यस काईके गाउँपालिकामा हस्तान्तरीक कार्यक्रम अन्तर्गत शहरतारा ढल निकास निर्माणको लागि ७० लाख बजेट विनियोजन भएको थियो । उक्त योजना कार्यान्वयनको सम्बन्धमा यस काईके गाउँपालिका वडा न २ मा पर्ने शहरतारा गाउँमा सोही प्रकृतिको योजनाको निर्माण कार्य अन्य निकायबाट पनि सन्चालनमा रहेकोले यस काईके गाउँपालिकामा नेपाल सरकारबाट शसर्त अनुदान पुँजिगत तर्फ हस्तान्तरीत कार्यम शहरतारा ढल निकास निर्माण योजना लाई काईके गाँउपालिका वडा न २ अन्तर्गत प्रर्ने समातेलिङमा कार्यान्वियन गर्ने र सामतेलिङको ढल निकास निर्माणको लागत अनुमानबाट बचेको रकमबाट अन्य योजनासँग दोहोरो नपर्ने गरी शहरतारा गाउँको ढल निकास निर्माणका केही कामहरुलाई पनि सोही लागत अनुमानमा समावेश गरेर उपभोक्ता समितिसँग निर्माणको लागी सम्झौता गरी उक्त योजना लाई कार्यान्वियन गर्ने व्यहोराको निर्णय गरी सघिय शसर्त अनुदानको रकम स्थान फरक पारी तथा स्पष्ट रुपमा निर्णय नगरी बचत रकम अन्य निकायले गरेको साईटमा समेत खर्च जस्ता निर्णय गर्नुका साथै १२० घरधुरीको लागी वनियोजित बजेट प्रविधिक विल अनुसार ११ घरधुरीको लागी ढल निकास कार्य गरी शहरतारा ढल निकास उपभोक्ता समिती लाई रु ६६४६०७०।०० भुक्तानी गरेको छ । सो सम्बन्धमा शसर्त अनुदानको रकम शर्त अनुसार सोही स्थानमा मात्र खर्च गर्न पाउने व्यवस्था रहेको लेखापरीक्षणको क्रममा छलफल पश्चात पालिकाले उक्त उपभोक्ता समतिको खातामा वाँकी रहेको रकम रु ४०९५२७९।०० नेपाल बैक लिमिटेडको भौचर न ६५०२८७ मिती २०८२।५।२९ मा संघिय बेरुजू खाता दाखिला गरेको छ । वाँकी रु २५५०७९१।०० संघिय सन्चित कोष फिर्ता गर्नु पर्दछ । रु

असुल गर्नुपर्ने	२५,५०,७९१

४१ **जटिलसंरचना तथा सामाग्री खरिदः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१४) मा अनुसार उपभोक्ता समितिहरुलाई श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले जटिल प्रकृतीका प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

गो भौ न र मिती	कामको विवरण र उपभोक्ता समितिको नाम	लागत अनुमान रकम	भुक्तानी रकम	कैफियत
संघिय पूजिँगत २९ २०८२।२।१९	व्यासीगार्ड साना जलविद्युत आयोजना सामाग्री खरिद गरी मर्मत उ स	७८९७४९०५।००	६६९७४२९।००	डि एल ईनर्जी कन्सर्न प्रा लि सँग विना प्रतिश्पर्धा विद्युतिय समान ३ थान विल बात रु ५०८५६७८।०० को खरिद गरेको विल पेश ।
संघिय पूजिँगत ३९ २०८२।३।२३	यालाकोट साना जलविद्युत आयोजना मर्मत वडा न ३ उ स	७७८८०९५।००	५७१२२१७।००	पि एल ईनर्जी पावर प्रा लि सँग विना प्रतिश्पर्धा विद्युतिय समान ३ थान विल बात रु ५००४०८७।०० को खरिद गरेको विल पेश ।

४२ **वडा न ३ को भवन निर्माण (KRM/NCB/WORKS/02/2081-082) कार्यः**

काईके गाउँपालिकाको वडा न ३ गुम्बातारको वडा कार्यालय भवन निर्माणको लागी लागत अनुमान रु १८९७४९१५।६५ गरी अनिया कन्ट्रक्सन प्रा लि सँग मिती २०८१।०९।०८ मा रु १७१५९६२७।९४ मू अ कर तथा पि एस आईटम सहित मिती २०८३।०३।१५ मा सम्पन्न गर्ने गरी खरिद सम्झौता गरी गो भौ न ४३ मिति २०८२।३।२३ मा पहिलो रनिङ्ग विल बापत रु १४९९०१३२।०० भुक्तानी गरेकोमा निम्नानुसार देखिएको छ ।

(क) कार्यालयले ठेक्का सुचना प्रकाशन देखी ठेक्का मुचुल्का तथा ठेक्का मुल्याङ्कन लगायत विड डकुमेन्ट सहितको ठेक्का फाईल तयार गरी राख्नुपर्ने लेखापरीक्षणको कर्ममा ठेक्का फाईल माग गरेकोमा पेश गरेको छैन ।

(ख) पालिकाले निमित प्रमुख प्रशासकिय अधिकृत श्री सम्झना पराजुलीको संयोजकत्वमा ५ सदस्यीय ठेक्का मुल्याङ्कन समितीले मिति २०८१।०७।२८ मा गरेको मुल्याङ्कन समितिमा निम्नानुसार कबोल अँक न्युन भएका निर्माण व्यवसायी सँग खरिद सम्झौता नगरी ५औ स्थानमा रहेको बढी कबोल गर्ने पार्टी सँग ठेक्का सम्झौता गरी भुक्तानी गरेको छ । लेखापरीक्षणको क्रममा ठेक्का सम्बन्धी फाईल तथा डकुमेन्ट पेश नभएको हुँदा कैफियतमा अन्तिम मुल्याङ्कनमा समावेश गर्न नसकिने कारणहरुको पुष्ट्याई सम्बन्धमा एकिन हुन नसकिनुका साथै समावेश नगर्नुका कारण समेत औचित्यपुर्ण रहेको नदेखिएकोले सो सम्बन्धमा पालिकाले एकिन गर्नुपर्दछ।

आर्थिक योग्यता क्र स	निर्माण व्यवसायीको नाम	कबोल अक	अन्तिम मुल्याङ्कनमा समावेश हुन नसक्नुका कारण	कैफियत
१	Royal DT Construction and Consultant Pvt. Ltd	९१५०२८९।६४	जमानत रकम Bid security कागजात पेश नभएको	
२	Jinbi nirman Sewa	११४९६६४९।९	Bid security Docu ment PPMO रिक फर्मेट अनुसार नभएको Retrurn Declaration Latter पेश नभएको ।	
३	Dolpa OM JV	१३१२९८५२।००	JV Aggriment Latter Bid document पेश नभएको ।	
४	Alfa Tech Consrtruction	१६६८५८९८।१५	Tax clearance certificate or extension certicicate पेश नभएको	
५	Aaniya Construction Pvt ltd	१७१५९६२७।९४	सम्पुरण कागजात रितपुर्जवक रहेको पाईयो ।	

४३ **वडा न ७ को भवन निर्माण (KRM/NCB/WORKS/03/2081-082) कार्यः**

काईके गाउँपालिकाको वडा न ७ धारापानी को वडा कार्यय भवन निर्माणको लागी न्यू अनिसा एण्ड देव कन्ट्रक्सन प्रा लि सँग मिती २०८१।०९।१२ मा रु १६८५७८४६।३२ मू अ कर तथा पि एस आईटम सहित मिती २०८३।०३।१५ मा सम्पन्न गर्ने गरी खरिद

सम्झौता गरी गो भौ न ५३ मिति २०८२।३।२४ मा रु पहिलो रनिङ्ग विल बापत रु १४५६९१५२।०० भुक्तानी गरेकोमा निम्नानुसार देखिएको छ ।

क) कार्यालयले ठेक्का सुचना प्रकाशन देखी ठेक्का मुचुल्का तथा ठेक्का मुल्याङ्कन लगायत विड डकुमेन्ट सहितको ठेक्का फाईल तयार गरी राख्नुपर्ने लेखापरीक्षणको कर्ममा ठेक्का फाईल माग गरेकोमा पेश गरेको छैन ।

ख) पालिकाले निमित प्रमुख प्रशासकिय अधिकृत श्री सम्झना पराजुलीको संयोजकत्वमा ५ सदस्यीय ठेक्का मुल्याङ्कन समितीले मिति २०८१।०७।३० मा गरेको मुल्याङ्कन समितिमा निम्नानुसार कबोल अँक न्युन भएका निर्माण व्यवसायी सँग खरिद सम्झौता नगरी ५औ स्थानमा रहेको बढी कबोल गर्ने पार्टी सँग ठेक्का सम्झौता गरी भुक्तानी गरेको छ ।लेखापरीक्षणको क्रममा ठेक्का सम्बन्धी फाईल तथा डकुमेन्ट पेश नभएको हुँदा कैफियतमा अन्तिम मुल्याङ्कनमा समावेश गर्न नसकिने कारणहरुको पुष्ट्रयाई सम्बन्धमा एकिन हुन नसकिनुका साथै समावेश नगर्नुका कारण समेत औचित्यपुर्ण रहेको नदेखिएकोले सो सम्बन्धमा पालिकाले एकिन गर्नुपर्दछ।

आर्थिक योग्यता क्र स	निर्माण व्यवसायीको नाम	कबोल अक	अन्तिम मुल्याङ्कनमा समावेश हुन नसक्नुका कारण	कैफियत
१	Royal DT Construction and Consultant Pvt. Ltd	९९२३८४७।००	जमानत रकम Bid security कागजात पेश नभएको	
२	Dolpa OM JV	१३०३६३७८।०६	JV Aggriment Latter Bid document पेश नभएको ।	
३	Khampa Builders	१४६८२४३१।७३	Bid security Document आधिकारिक फर्मेट अनुसार र Latter of Technical Bid मा कार्यालयको छाप र दस्तखत छुटेको	
४	Dlopa Hirachan- S.L. Construction	१५४७३०३५।९९	JV power of attorney पेश नभएको	
५	New Anisha And Dev Construciton Pvt ltd	१६८५७८४६।३२	सम्पुरण कागजात रितपुर्जवक रहेको पाईयो ।	
६	Aaniya Construction Pvt ltd	१६८९८३९४।५	सम्पुरण कागजात रितपुर्जवक रहेको पाईयो ।	

४४ **वडा न १ को भवन निर्माण (KRM/NCB/WORKS/01/2081-082) कार्यः**

काईके गाउँपालिकाको वडा न १ कोलाको वडा कार्यालय भवन निर्माणको लागी लागत अनुमान रु १८११९६७०।४६ गरी च्योहोपता कन्सट्रक्सन प्रा लि सँग मिती २०८१।०९।१२ मा रु १८११९६७०।०० मू अ कर तथा पि एस आईटम सहित मिती २०८३।०३।१५ मा सम्पन्न गर्ने गरी खरिद सम्झौता गरी गो भौ न ४८ मिति २०८२।३।२४ मा पहिलो रनिङ्ग विल बापत रु १४८१००६२।०० भुक्तानी गरेकोमा निम्नानुसार देखिएको छ ।

क) कार्यालयले ठेक्का सुचना प्रकाशन देखी ठेक्का मुचुल्का तथा ठेक्का मुल्याङ्कन लगायत विड डकुमेन्ट सहितको ठेक्का फाईल तयार गरी राख्नुपर्ने लेखापरीक्षणको कर्ममा ठेक्का फाईल माग गरेकोमा पेश गरेको छैन ।

ख) पालिकाले निमित प्रमुख प्रशासकिय अधिकृत श्री सम्झना पराजुलीको संयोजकत्वमा ५ सदस्यीय ठेक्का मुल्याङ्कन समितीले मिति २०८१।०७।२७ मा गरेको मुल्याङ्कन समितिमा निम्नानुसार कबोल अँक न्युन भएका निर्माण व्यवसायी सँग खरिद सम्झौता नगरी ६औ स्थानमा रहेको बढी कबोल गर्ने पार्टी सँग ठेक्का सम्झौता गरी भुक्तानी गरेको छ ।लेखापरीक्षणको क्रममा ठेक्का सम्बन्धी फाईल तथा डकुमेन्ट पेश नभएको हुँदा कैफियतमा अन्तिम मुल्याङ्कनमा समावेश गर्न नसकिने कारणहरुको पुष्ट्रयाई सम्बन्धमा एकिन हुन नसकिनुका साथै समावेश नगर्नुका कारण समेत औचित्यपुर्ण रहेको नदेखिएकोले सो सम्बन्धमा पालिकाले एकिन गर्नुपर्दछ।

आर्थिक योग्यता क्र स	निर्माण व्यवसायीको नाम	कबोल अक	अन्तिम मुल्याङ्कनमा समावेश हुन नसक्नुका कारण	कैफियत
१	Royal DT Construction and Consultant Pvt. Ltd	९१९४११६। ५८	जमानत रकम Bid security कागजात पेश नभएको	
२	Jinbi Nirman Sewa	११९७१८३४। ५८	Bid security Document PPMO कोझ आधिकारिक फर्मेट अनुसार नभएको ।	
३	Dolpo OM JV	१३०३६३७८। ०६	JV Aggriment Latter Bid document पेश नभएको ।	
४	Jagadulla and Supplier Construction	१३४४२१३३। १५	Power of attorney जस्ता महत्पुर्ण कागजात पेश नभएको	
५	Dangi construction	१३४९४४५४। ४१	Power of attorney जस्ता महत्पुर्ण कागजात पेश नभएको	
६	Chyopotha Construction pvt ltd	१५०१८०९३। ८	सम्पुर्ण कागजात रितपुर्जवक रहेको पाईयो ।	
७	Alfa Tech Construction	१७२०४५८२। ००	सम्पुर्ण कागजात रितपुर्जवक रहेको पाईयो ।	
८	Aaniya Construction	१७४०४८३२। २	सम्पुर्ण कागजात रितपुर्जवक रहेको पाईयो ।	
९	Greater Nepal Engineering Construction And suppliers	१७४०६४२७। १७	सम्पुर्ण कागजात रितपुर्जवक रहेको पाईयो ।	
१०	Sanke Nirman tatha Suppliers	१८०९४०३२। ७४	सम्पुर्ण कागजात रितपुर्जवक रहेको पाईयो ।	

पालिकाले गत विगत बर्षमा समेत वडा न २,४,५,६ को ठेक्का सम्झौता भएकोमा उक्त ठेक्का सम्झौता सम्बन्धी फाईल पेश नभएकोले उक्त ठेक्का सम्बन्धमा समेत एकिन हुन सकिएन ।

४५ **टुक्रा पारी कार्यक्रम तर्जुमाः**

आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा ६ मा मध्येकालिन खर्च सँरचना तयार गर्नुपर्ने ,दफा ७ मा स्रोतको अनुमान र खर्च सीमा निर्धारण गर्नु पर्ने तथा दफा ९ मा बजेट प्रस्ताव र छलफल गरी दफा १० अनुसार बजेट पारित गर्नुपर्ने व्यवस्था छ । त्यस्तै आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम १६ मा बजेट तर्जुमा सम्बन्धी व्यवस्था रहेको छ । यस पालिकामा सँघिय शसर्त अनुदान अन्तर्गतको सि.नं. २०३ र २०४ मा व्यासी गार्ड चिल्पारा बन्ढाडा ब्यासी वैजिबारा हुँदै व्यास ऋषि सम्म पर्यटकिय पदमार्ग काईके ६ र ७ डोल्पा निर्माणको लागी छुट्टा छुट्टै दुई प्याकेज बनाई दुवै मा ७२/७२ लाखको बजेट विनियोजन गरेको छ । सार्वजनिक खरीद नियमावलीको नियम ३(ङ) अनुसार सार्वजनिक निकायले कुनै खरीद कारबाहिको तयारी गर्दा खरिदलाई बढी सुविधाजनक समुहमा बिभाजन गर्ने वा प्याकेजमा समाबेश गर्ने तथा सोही नियमावलीको नियम ९ बमोजिम लागत अनुमान तयार गर्दा खरिद सम्बन्धी सम्पुर्ण काम एउटै खरीद सम्झौताबाट हुने वा काम पिच्छे अलग खरिद सम्झौता गर्नु पर्ने भनि एकिन गरि प्रतिस्पर्धात्मक बिधीबात खरिद गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले उक्त एकै कामलाई दुई टुक्रा दुई कार्यक्रम स्वीकृत भई आएको आधारमा तल्लो खण्डको लागी रु ८१०२४८७।६९ र माथिल्लो खण्डको लागी रु ८१३४७७८।९७ को कार्य गराएको छ। सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा १ करोड सम्मको लागत अनुमान भएको कार्य उपभोक्ता समिती मार्फत गराउन सक्ने व्यवस्था अनुसार उपभोक्रा समिती मार्फत सम्झौता गरी कार्य गराई दुई उपभोक्ता समितीलाई यस बर्ष रु १३७३१३८६।

०० भुक्तानी गरेको छ । यसरी एकै कार्यको जम्मा लागत अनुमान रु १६२३७२६५।०० को कार्य उपभोक्ता समिती मार्फत गराउन नमिल्ने हुँदा एकै कार्यक्रमलाई टुक्रा बनाई कार्यक्रम तर्जुमा हुँदा पालिकाले प्रतिशपर्धाको लाभ उठाउन सकेको छैन ।

४६ **परामर्श सेवा खरिदः**

बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष रु २९९००२५।को कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

कार्यको ववरण	परामर्शदाता	भुक्तानी रकम
शहरतारा हुदै टुप्पातारा रिङ्गरोड प्रोजेक्ट विस्तृत परियोजना	AKATA KARNALI ENGINEERING CONSULTANCY AND CONSTRUCTION	९९८९९९।००
खसिगाउँ बैजीबारा हुँदै व्यासी गाउँ सम्मको रोड प्रोजेक्ट विस्तृत परियोजना	AKATA KARNALI ENGINEERING CONSULTANCY AND CONSTRUCTION	९९८९९९।००
५ शैयाको अस्पतालको डीपिआर बापतको रकम	VANKATESH ENGINEERING ASS. PVT. LTD	९९२०२७।००
जम्मा		२९९००२५।००

उपरोक्त अनुसारको डी पी आर कार्य प्रतिस्पर्धा बेगर कोटेशन लिई सोझै खरिद गरेको साथै उपयोग सुनिश्चितता बेगर परामर्शका कार्य गराएको देखिन्छ । यस्तो अध्ययन कार्य गराउँदा नर्म्स नबनाई लागत अनुमान तयार गरेको साथै कुनै आधार नलिई उपलब्ध बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन।

४७ **उपभोक्ता समिवाट क्रमागत कार्य**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत काय गराउँदा निर्माण कार्य वा सेवाको प्रकृती, व्यहोर्नुपर्ने रकम र सम्पन्न गर्नुपर्ने अवधि उल्लेख गरी त्यस्तो काम वा सेवाका सम्वन्धमा खरिद सम्झौता गर्नुपर्ने उल्लेखछ।कार्यालयले सुर्वोच्छे गुम्वा निर्माण गर्न आर्थिक वर्ष २०८०।८१ मा असार मसान्तसम्म सम्पन्न गर्ने गरी उपभोक्ता समिति गठन गरी भौ नं ८४। २०८१।३।२३ वाट रु.१३ लाख भुक्तानी गरेकोमा यस वर्ष पनि सोहि उपभोक्ता समितिलाई सोहि योजनाको नाममा भौ नं ७६। २०८२।३।२१ वाट रु.४४७०००। भुक्तानी गरेको छ।पालिकाले एउटै उपभोक्ता समितिवाट क्रमागत रुपमा कार्य गर्ने प्रवृतीलाई निरुत्साहित गर्दै क्रमागत प्रकृतीको कार्य खुला वोलपत्र विधिवाट गर्नुपर्दछ।

४८ **वढी भुक्तानी**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा सार्वजनिक निकायले रनिङ विल वा अन्य कुनै विल वा विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापि कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनका आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ।कार्यालयले चिल्पारा सिँढी स्टोन पि सि सि कार्यमा रु.१६३४००४। को कार्य गरी उपभोक्ता समितिलाई भौ नं ५०।२०८२।३।१८ वाट रु.१३२७१३४। भुक्तानी गरेको छ।कुल ३०२.७४ मिटरको ढलान कार्य भएकोमा केहि चेनेजमा एउटै स्टेपमा २ पटक नापि गरी ५.४९१ घनिमटर कार्यको प्रतिघनमिटर रु.२२७४४ का दरले रु.१२४८८७। को वढी मुल्यांकन गरी भुक्तानी गरेकोले वढी भुक्तानी रकममा उपभोक्ता अंश १८.७८% ले हुन आउने रु.२३४५३। कट्टी गरी वाँकि रु.१०१४३४। असुल गर्नुपर्दछ।

असुल गर्नुपर्ने	१,०१,४३४

४९ **डण्डिको भुक्तानी**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा सार्वजनिक निकायले रनिङ विल वा अन्य कुनै विल वा विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापि किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनका आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ।कार्यालयले निम्नानुसारको निर्माण कार्यमा डण्डिको नापि किताव तथा प्राविधिक मुल्यांकन तयार गर्दा नापजाँच गरेको परिमाणमा कटिङ व्यान्डिङ र ल्यापिङ वापत थप १५ प्रतिशत डण्डिको परिमाण थप गरी नापी किताव तयार गरेको छ।यसरी वास्तविक रुपमा प्रयोग भएको डण्डिको परिणाम एकिन नगरी एकमुष्ट थप गरेको १५ प्रतिशत डण्डीको परिमाणको सम्वन्धमा उक्त परिमाण प्रयोग भएको प्राविधिक पुष्ट्याई पेश गर्नुपर्दछ।अन्यथा असूल गर्नुपर्दछ ।

क्रम	**कर्मचारीको नाम**	**असुली रकम**
४९.१	ओम कर्मा त्रिपुरा जे भि	४३१,०७२
४९.२	न्यू अनिसा एण्ड देव कन्ट्रक्सन	२८८,७१५

असुल गर्नुपर्ने	७,१९,७८७

५० **उपभोक्ता समितीवाट कार्य**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(१) मा १ करोड सम्म लागत अनुमान भएको निर्माण कार्य वा सोसम्वन्धि सेवा सोहि स्थानमा वसोवास गर्ने वासिन्दा वा समुदायवाट गराउन सकिने उल्लेख छ।त्यस्तै नियम ९७(१४) मा श्रममुलक कामको निर्धारण गरी उपभोक्ता समितिमार्फत गराउनुपर्ने उल्लेख छ। कार्यालयले यस वर्ष विभिन्न वडामा विद्युत वितरणको लागि वाइरिङ कार्यक्रम सञ्चालन गरेकोमा कामको अधिकांश हिस्सा वाइरिङ सामाग्री खरिदमा भुक्तानी गरेको र बाँकि रकम डोर हाजिरीवाट ज्यालामा खर्च लेखेको छ। पालिकाले सामाग्री खरिदमा सार्वजनिक खरिद ऐन तथा नियमावली वमोजिमको प्रतिष्पर्धात्मक विधि अवलम्वन नगरी उपभोक्ता समितिमार्फत नै खरिद गरि पेश गरेको विलको आधारमा भुक्तानी गरेको छ।पालिकाले खरिदमुलक कार्य उपभोक्ता समितीवाट गर्ने प्रवृतीमा नियन्त्रण गरी प्रतिष्पर्धात्मक विधिवाट खरिद गर्नुपर्दछ।केहि उदाहरणहरु निम्न छन।

गो भौ नं	कार्यक्रम	कुल काम	कुल काममा सामाग्री खरिद	भुक्तानी रकम	लाभान्वित घर
५९।०८२।३।१९	वडा नं ६ विद्युत वितरणको लागि वाइरिङ कार्य	६१४००३	४८२१२४	४४७०००	७५
६०।०८२।३।१९	वडा नं ५ विद्युत वितरणको लागि वाइरिङ कार्य	१७६९५४७	१२६२४३८	१३४००००	१४४
६५।०८२।३।१९	धारापानी गाउँमा विद्युत वितरणको लागि वाइरिङ कार्य	७०३९३८	४५१९२६	५३५६८०	नखुलेको
६७।०८२।३।२१	उरुटोलमा विद्युत वितरणको लागि वाइरिङ कार्य	१३३१६६३	८६७१३२	१०७१३६०	नखुलेको
७३।०८२।३।२४	लावन गाउँमा विद्युत वितरणको लागि वाइरिङ कार्य	१४७९९५३	९४८५४९	१०७१३६०	नखुलेको
जम्मा		५८९९१०४	४०१२१६९	४४६५४००	

५१ **विल भरपाई**

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१०** को निर्णयले रू **९९२,०२७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

५२ **जग्गा खरिद**

जग्गा प्राप्ती ऐन २०३४ को दफा ३ अनुसार सरकारले कुनै सार्वजनिक कामको निमित्त कुनै जग्गा प्राप्त गर्न आवश्यक ठहर्याएमा ऐन बमोजिमको मूआव्जा दिने गरी सरकारले जुनसुकै स्थानको जुनसुकै जग्गा प्राप्त गर्न सक्ने व्यवस्था रहेको छ । सोही ऐनको दफा ३ क मा प्रदेश वा स्थानिय तहद्धारा सन्चालन गरिने परियोजनाको लागी जग्गा आवश्यक पर्ने भएमा सम्बन्धित प्रदेश वा स्थानिय तहले यस ऐन बमोजिमको मुआब्जा र अन्य सवै खर्च व्यहोर्ने गरी कुनै जग्गा प्राप्त गराई दिन नेपाल सरकार समक्ष अनुरोध गरेमा नेपाल सरकारले

त्यस्तो जग्गा प्रदेश वा स्थानीय तहलाई जग्गा प्राप्त गराई दिने गरी निर्णय गर्न सक्ने व्यवस्था रहेको छ । यस पालिकाले यस बर्ष पालिका भवन निर्माण प्रयोजनार्थ ४५९७.५२ वर्गवमिटर जग्गा खरिद गरी गो भौ न ४२।२०८२।१।२९ वाट प्रेम वहादुर शाह र चन्द्रमनि शाह लाई रु.५००००००।भुक्तानी गरेको छ। पालिकाले ऐनको व्यवस्था कार्यावन्यन गरी जग्गा प्राप्ती गर्नु पर्दछ ।

५३ छात्रवृती अनुदान

शिक्षा तथा मानव स्रोत केन्द्रावाट जारी भएको कार्यक्रम कार्यान्वियन पुस्तिकाको क्रियाकलाप नं. ७.२.१.१ को गैरआवसिय छात्रवृती अर्न्तगत कर्णाली प्याकेज अर्न्तगत तोकिएका जिल्लाका १ देखि ५ कक्षामा अध्ययनरत छात्राहरुको लागि वार्षिक १ हजारका दरले छात्रवृती उपलव्ध गराउने उल्लेख छ। पालिकावाट प्राप्त विवरणमा कक्षा १ देखि ५ सम्मका विद्यालयमा कुल छात्रा संख्या ३१० जना रहेकोमा भौ नं १०६।२०८२।३।९ वाट ३१८ जनाको ३१८०००। निकासा भएकोले ८ जनाको वढी निकासा भएको सम्वन्धमा एकिन गरी असुल गर्नुपर्दछ।

असुल गर्नुपर्ने	८,०००

५४ वढी भुक्तानी

स्वास्थ्य मन्त्रालयवाट जारी भएको आर्थिक वर्ष २०८१।८२ मा स्थानीय तहवाट सञ्चालन गरिने स्वास्थ्य तर्फका सर्शत अनुदान अर्न्तगतका क्रियाकलाप सञ्चालन सम्वन्धि मार्गदर्शनको मातृ तथा नवशिशु कार्यक्रम अर्न्तगत भौ नं २७९।२०८२।३।२४ वाट हरि वहादुर रोकायाको पेश्की फछ्यौट गरी रु . ५६३१००। खर्च लेखेको छ। यस सम्वन्धमा निम्नानुसार देखिएको छ।

५४.१ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २४ मा सरकारी खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उच्चतम गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नु पर्ने व्यवस्था छ । यसरी खर्च गर्दा खर्च गर्ने अधिकारीले स्वीकृत बजेट खर्च गर्दा नियमितता मितव्ययिता कार्यदक्षता प्रभावकारीता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । त्यस्तै आर्थिक कार्यविधि तथा उत्तरदायित्व नियमावलीको नियम ४१ अनुसार कार्यालय प्रमुखले सरकारी रकम खर्च गर्नु भन्दा पहिला आवश्यकता पहिचान गरी खर्च गर्नुपर्ने स्थानमा मात्र खर्च लेख्नुपर्ने व्यवस्था गरेको छ । कार्यालयले आर्थिक वर्ष २०८०।८१ मा १०० थान न्यानो झोला खरिद गरि ३३ थान खर्च गरी ६७ थान मौज्दात रहेकोमा यस वर्ष पुन १०० थान खरिद गरी सन्ध्या मेडिसिन सप्लायर्सको विल संलग्न गरी रु.९९८९२ खर्च लेखेको छ।यस वर्ष ४६ वटा खर्च भएकोमा गत वर्ष र यस वर्षको गरी ११ वटा न्यानो झोला विग्रिएको र ५४ थान मौज्दातमा रहेको भनि विवरण प्राप्त भएको छ।कार्यालयले सरकारी रकमको अधिकतम उपयोग हुने गरी र मौज्दात नरहने गरी खरिद व्यवस्थापन गर्नुपर्दछ।

५४.२ मार्गदर्शनमा उल्लेख भए अनुसार स्वास्थ्य सस्थामा सुत्केरी गराए वापत प्रतिसुत्केरी २५०० का दरले प्रत्येक स्वास्थ्य सस्थालाई रकम उपलव्ध गराउने व्यवस्था रहेकोमा पालिकाले स्वास्थ्य सस्थाको खातामा रकम नपठाई सहरतारा स्वास्थ्य चौकिको रकम रु.८७५००। तेज वहादुर शाहिलाई र वन्डाँडा स्वास्थ्य चौकिको रु.२७५००। पुष्पा शाहिलाई भुक्तानी गरेकोले उक्त रकम सम्वन्धित स्वास्थ्य सस्थाको खातामा दाखिला भएको प्रमाण पेश गर्नुपर्दछ।

प्रमाण पेश नगरेको	१,१५,०००

५४.३ मार्गदर्शनमा उल्लेख भए अनुसार ग्रामिण अल्ट्रासाउण्डमा खटिने कर्मचारीलाई दैनिक भ्रमण भत्ता उपलव्ध गराउने उल्लेख भए अनुसार दैनिक १३२० का दरले दैनिक भ्रमण भत्ता उपलव्ध गराउनुपर्नेमा अ.न. मि सरस्वती वुढालाई दैनिक १५०० का दरले भुक्तानी गरेकोले ५० दिनको १८० का दरले वढी भुक्तानी भएको रु. ९०००। असुल गर्नुपर्दछ।

असुल गर्नुपर्ने	९,०००

५५ वढी निकासा

शिक्षा तथा मानव विकास स्रोत केन्द्र शैक्षिक प्रविधि शाखाको मिति २०७६।३।२८ को पत्रसंख्या २०७५।७६ च नं १२ को पत्रमा प्राविधिक धार कक्षा ९-१२ सञ्चालन भएका विद्यालयमा प्रशिक्षक तथा साहायक प्रशिक्षकको संख्यावारे उल्लेख गरिएको छ।उक्त

पत्रानुसार प्राविधिक धार सञ्चालन भएका विद्यालयमा प्रशिक्षक तथा सहायक प्रशिक्षक वाहेक अन्य कर्मचारी नियुक्ति गर्न नमिल्नेमा पालिकाले प्राविधिक धारको अरनिको माध्यामिक विद्यालयमा मासिक रु.१५०००। पाउने गरी २ जना कार्यालय सहायक नियुक्त गरी वार्षिक तलवभत्ता, चाडपर्व र खर्च समेत रु.३९००००। निकासा दिएको छ।यसरी तोकिएको संख्या भन्दा वढी कर्मचारी नियुक्ति गरी तलव भत्ता भुक्तानी भएको रकम सम्वन्धित विद्यालयवाट असुल गर्नुपर्दछ।

असुल गर्नुपर्ने	३,९०,०००

५६ **स्यानिटरी प्याड खरिद**

सार्वजनिक खरिद नियमावलीको नियम ३ मा सार्वजनिक निकायले खरिद कारवाहिको तयारी गर्दा खरिद आवश्यकताको पहिचान गरी खरिदको विवरण र परिमाण एकिन गरी सुविधाजनक समुहमा विभाजन तथा प्याकेजिङ, खरिद विधि लगायतका विषयमा पुर्वतयारी गरी प्रतिष्पर्धात्मक तरिकावाट खरिद गर्नुपर्ने व्यवस्था रहेको छ।कार्यालयले सामुदायिक विद्यालयका छात्राहरुको लागि निशुल्क स्यानिटरी प्याड खरिद गरी भौ नं १६५।०८२।३।२३ वाट रु.१५४०००। खर्च लेखेको छ।स्यानिटरी प्याड खरिदमा आवश्यकता पहिचान गरी खरिद गर्नुपर्नेमा देहायवमोजिम विभिन्न सप्लायर्स वाट फरक फरक मुल्यमा खरिद गरेको छ। साथै स्यानिटरी प्याड खरिदको गुणस्तर समेत परीक्षण गरेको छैन।कार्यालयले खरिदको प्याकेज तयार गरी गुणस्तरीय सामाग्रीको आपुर्ती सुनिश्चित गरेर मात्र खरिद कार्य गर्नुपर्दछ।

सप्लायर्सको नाम	परिमाण	दर
कृष्ण सर्जिकल	१४५ प्याकेट	१००
संगिता स्टोर्स	९३५ प्याकेट	५५.३७
	३०० प्याकेट	३१
विशाल जनरल अर्डर एण्ड सप्लायर्स२०८२।२।१३	२०० प्याकेट	१२०
विशाल जनरल अर्डर एण्ड सप्लायर्स२०८२।२।१४	२०० प्याकेट	१२०
विशाल जनरल अर्डर एण्ड सप्लायर्स	७० प्याकेट	७५
विशाल जनरल अर्डर एण्ड सप्लायर्स२०८२।२।१५	२०० प्याकेट	१२०

५७ **तालिम कार्यक्रम**

शिक्षा तथा मानव विकास केन्द्रवाट जारी भएको कार्यक्रम कार्यान्वियन पुस्तिका शिक्षा २०८१।८२ को क्रियाकलाप नं २.७.१३.३०२ मा एकिकृत पाठ्यक्रम निर्माण सम्वन्धि कष्टमाइज्ड तालिम कार्यक्रममा प्रतिशिक्षक रु.६ हजार र आधारभुत तथा माध्यामिक विद्यालयका आइटी स्रोत शिक्षकका लागि सुचना प्रविधि सम्वन्धि क्षमता विकास तालिममा प्रतिशिक्षक ५ हजारका दरले खर्च गर्नुपर्ने उल्लेख छ। कार्यालयले दुई कार्यक्रम सञ्चालन गरी भौ नं १५१।२०८२।३।१९ वाट रु. ६५००००। गोविन्द घर्तिलाई भुक्तानी दिएको छ। एकिकृत पाठ्यक्रम निर्माण सम्वन्धि कष्टमाइज्ड तालिम कार्यक्रम २०८२ असार ७ देखि ९ सम्म सञ्चालन भएको र १७ जना शिक्षक सहभागि भएकोमा प्रतिशिक्षक ५०००। का दरले ८५०००, प्रशिक्षक खर्च ३०००० गरी ११५००० र सुचना प्रविधि तालिम कार्यक्रम २०८२ जेठ ७ देखि ११ सम्म सञ्चालन भएको र २३ जना शिक्षक सहभागि भएकोमा प्रतिशिक्षक ६०००। का दरले १३८०००, प्रशिक्षक खर्च ३२५०० गरी १७०५०० गरी कुल जम्मा २८५५००। खर्च गर्नुपर्ने देखिन्छ।यसरी स्विकृत मापदण्डको पालना नगरी खर्च गरेको रकम नियमसम्मत देखिएन।

अनियमित भएको	३,६४,५००

५८ **घुम्ति विद्यालय अनुदान**

शिक्षा तथा मानव विकास केन्द्रवाट जारी भएको कार्यक्रम कार्यान्वियन पुस्तिका शिक्षा २०८१।८२ को क्रियाकलाप नं २ . ७ . १३ . ११ मा अति विकट हिमाली जिल्लाका लागि घुम्ति विद्यालय सञ्चालनका लागि विद्यालयलाई एकमुष्ट ३ लाख ५० हजार अनुदान दिने

उल्लेख छ। पालिकाले घुम्ति विद्यालय सञ्चालनको लागि भौचर नं १५०।२०८२।३।१९ वाट रु . १३२१०००। खर्च लेखेको छ। यस सम्वन्धमा निम्नानुसार देखिएको छ।

५८.१ ५ विद्यालयमा घुम्ति विद्यालय सञ्चालन भएकोमा १४ वटा व्यानर छपाई गरी प्रतिव्यानर ३५०० का दरले भुक्तानी भएकोमा सञ्चालन भएको भन्दा वढी संख्याको व्यानर ९ वटाको ३५००। का दरले भुक्तानी भएको रकम असुल गर्नुपर्दछ।

असुल गर्नुपर्ने	३१,५००

५८.२ ५ विद्यालयमा ५ हाजिरी रजिष्टरले पुग्नेमा प्रति रजिष्टर रु.५००। का दरले ५० वटा हाजिरी रजिष्टर खरिद गरी भुक्तानी गरेकोले ४५ वटा हाजिरी रजिष्टरको रु.२२५००। असुल गर्नुपर्दछ।

असुल गर्नुपर्ने	२२,५००

५८.३ पुलाउ चामल ५० वोरा(रु.२०००००), ह्वावाइट वोर्ड ६ वटा,तेल ४८ कार्टुन, चिनि ८५० के जि लगायत कापि, डटपेन/पेन्सिल आदि सामाग्री सम्वन्धित विद्यार्थीसम्म पुगेको सुनिश्चित गरिनुपर्दछ।

५८.४ पालिकामा यस आर्थिक वर्षमा ५ विद्यालयमा घुम्ति विद्यालय सञ्चालन भएकोमा ५ विद्यालयलाई रु. ३०००० का दरले १५००००। नगद अनुदान दिएको, १०६६०००। को त्रिपाल,खाद्यान्न, स्टेशनरी लगायतका सामाग्री खरिद गरेको र रु.१०५०००। ढुवानी शिर्षकमा खर्च गरेको छ।यसरी नगद अनुदान दिनुपर्नेमा सामाग्री खरिद गरेको रकम नियमसम्मत देखिदैन।साथै खरिद गरेको सामाग्री विद्यालयलाई हस्तान्तरण गरेको भरपाई समेत संलग्न नरहेकोले सोको भरपाई समेत पेश गर्नुपर्दछ।

प्रमाण पेश नगरेको	१०,६६,०००

५९ आइसिटी अनुदान

शिक्षा तथा मानव विकास केन्द्रवाट जारी भएको कार्यक्रम कार्यान्वयन पुस्तिका शिक्षा २०८१।८२ को क्रियाकलाप नं २.७.१३.१३ मा विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण तथा कार्यसम्पादनमा आधारित अनुदान अर्न्तगत आइसिटी व्यवस्थापन अनुदान प्रदान गर्दा पालिकावाट विद्यालयको छनौट गरी प्रस्ताव माग गर्ने, विद्यालयको प्रस्ताव मुल्यांकन गरी स्विकृत कोटा वमोजिम विद्यालयको छनौट गर्ने, निर्धारित मापदण्ड अनुरुप कार्यक्रम कार्यान्वयन गरे नगरेको नियमित रुपमा अनुगमन गरी सोको प्रतिवेदन गर्ने लगायतको व्यवस्था रहेको छ।पालिकावाट यस वर्ष अरनिको मा वि लाई आइसिटी व्यवस्थापन वापत भौ नं १४९।२०८२।३।१९ वाट रु.६२६०००। निकासा गराएकोमा तोकिएवमोजिम कार्यक्रम गरे नगरेको सम्वन्धमा प्रमाण पेश भएको छैन ।साथै अनुगमन समेत गरेको देखिएन। पालिकावाट मापदण्ड वमोजिम कार्यक्रम सञ्चालन भएको प्रमाण सहितको अनुगमन प्रतिवेदन पेश गर्नुपर्दछ।

प्रमाण पेश नगरेको	६,२५,०००

६० पाठ्यपुस्तक अनुदान

शिक्षा तथा मानव स्रोत केन्द्रावाट जारी भएको कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं. २.४.६.२ मा विद्यालयले माग गरेको विद्यार्थी संख्या सहित रकमलाई इएमआइएस तथ्यांक र वास्तविक तथ्यांकसंग सत्यापन गराई सोको आधारमा स्विकृत कक्षागत दररेटका आधारमा प्रथम पटकमा ७५ प्रतिशत र वास्तविक खर्चको हिसाव गरी थप पाठ्यपुस्तक अनुदान निकासा दिनुपर्ने उल्लेख छ। पालिकाले यस वर्ष भौ नं १३७।२०८२।३।१७ वाट रु.५०९४९३। पाठ्यपुस्तक अनुदान निकासा गरेको छ। पालिकाले इएमआइएस तथ्यांकलाई आधार मानि प्रथम पटमा ७५ प्रतिशत र नपुग रकम निकासा गर्नुपर्नेमा सो नगरी विद्यालयको विलका आधारमा अनुदान निकासा गरेको छ।साथै इएमआइएस अद्यावधिक नगरेको कारण अनुदान रकम वास्तविक खर्च हो होइन एकिन गर्न सकिएन।पालिकाले कार्यविधिको पालना गरी अनुदान निकासा गर्नुपर्दछ।

६१ दिवा खाजा

शिक्षा तथा मानव स्रोत केन्द्रवाट जारी भएको कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं. २.७.११.१ मा विद्यालयगत तथ्याङ्कका आधारमा विद्यालयहरुलाई बाल विकास कक्षा देखि कक्षा ५ सम्म प्रति विद्यार्थी दैनिक रु.२५ का दरले अधिकतम १८० दिनसम्मको विद्यालयलाई विद्यार्थीको दैनिक हाजिरी पुस्तिकाको प्रतिलिपि विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षबाट प्रमाणित गराई विद्यार्थी संख्या यकिन गरी अनुदान निकासा दिने व्यवस्था छ । पालिकाले यस वर्ष १५ विद्यालयलाई १८० दिनको प्रतिदिन प्रतिविद्यार्थी २० का दरले भौ नं २४ र १०७ वाट दुइ किस्तामा रु.२३ लाख ६० हजार निकासा गरेको छ।। दिवा खाजा संचालन भएका १५ वटै विद्यालयले विद्यार्थीको हाजीरीको प्रमाणित प्रतिलिपि पेश गरेको छैनन् जसले गर्दा वास्तविक विद्यार्थी संख्या एकिन गर्न सकिएन । साथै विद्यालयवाट सञ्चालित दिवा खाजा कार्यक्रमको स्थानीय तहवाट अनुगमन समेत भएको पाइएन।पालिकाले कार्यविधिको पुर्ण कार्यान्वियन गरी दिवा खाजा कार्यक्रमलाई प्रभावकारी वनाउनुपर्दछ।

६२ **पाठ्यपुस्तक अनुदान**

स्वास्थ्य मन्त्रालयवाट जारी भएको आर्थिक वर्ष २०८१।८२ मा स्थानीय तहवाट सञ्चालन गरिने स्वास्थ्य तर्फका सर्शत अनुदान अर्न्तगतका क्रियाकलाप सञ्चालन सम्वन्धि मार्गदर्शनको एच पि भि खोप कार्यक्रममा स्थानिय सहभागि भत्ता प्रतिव्यक्ति ७०० का दरले दिने उल्लेख छ। पालिकाले २०८१।११।२९ र ३० गते एच पि भि खोप समिक्षा गोष्ठी सञ्चालन गरी भौ नं १७५।२०८२।३।२४ वाट हरि व रोकायाको रु.१९९०००। पेश्की फछ्यौट गरेकोमा सहभागि भत्ता वापत १३२० का दरले भुक्तानी गरेकोले प्रतिव्यक्ति ६२० का दरले १३ जनाको २ दिनको रु.१६१२०। असुल गर्नुपर्दछ।

असुल गर्नुपर्ने	१६,१२०

६३ **कर्मचारी हाजिरीः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ को उपदफा (६) मा स्थानीय तहले नगर प्रहरी, सवारी चालक, सरसफाई सम्बन्धि आदि पदमा बाहेक अन्य पद तथा सेवामा करारवाट पदपूर्ति गर्न नसकिने कानूनी व्यवस्था गरेको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २०७४।१२।१४ मा जारी स्थानीय तहमा करारमा जनशक्ति व्यवस्थापन गर्ने कार्यविधि, २०७४ मा स्वीकृत दरवन्दी भन्दा वाहिर अन्य रुपमा कर्मचारीहरु राखी तलब भत्ता वा पारिश्रमिक भुक्तानी गर्न नमिल्ने व्यवस्था रहेको छ। पालिकाले ऐन तथा कार्यविधिको विपरित हुने गरी अधिकृत छैठौं पदमा करार सम्झौता गरी दिव्यांशु वराललाई २०८१ श्रावण देखि फागुन सम्म रु.३८६२५२। पारीश्रमिक भुक्तानी गरेकोमा लेखापरीक्षणको क्रममा पेश भएको हाजिरी कितावमा निजको हाजिरी समेत भएको नदेखिएकोले पालिकावाट थप एकिन गरी निजलाई भुक्तानी भएको पारिश्रमिक रकम असुल गर्नुपर्दछ।

असुल गर्नुपर्ने	३,८६,२५२

६४ **विल भरपाई**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल भरपाई प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ ।पालिकाले वहुक्षेत्रिय पोषण कार्यक्रम अर्न्तगत देहायवमोजिम २५ जना सुनौला हजार दिनका विपन्न महिलालाई आयआर्जन अनुदान कार्यक्रमवाट वाख्रापालन व्यवसाय गर्ने उल्लेख गरी प्रतिव्यक्ति २५०००। का दरले रु.६२५०००।नगद वितरण गरेकोमा वाख्रापालन व्यवसाय गरेको प्रमाण संलग्न नगरी भुक्तानी गरेकोले अनुदान रकम तोकिएवमोजिम उपयोग भएको प्रमाण पेश गर्नुपर्दछ।

सि.न	लाभग्राहीको नाम	ठेगाना	रकम रू
१.	विसु विश्कर्मा	काइके ४	२५०००
२.	लाल कुमारी वि.क.	काइके ४	२५०००
३.	गिता वि.क.सुनार	काइके ४	२५०००
४.	सकु वि,क,	काइके ४	२५०००
५.	सुन्तली सुनार	काइके ४	२५०००
६.	अनिता वि.क.	काइके ४	२५०००
७.	सौनि सुनार	काइके ४	२५०००
८.	सृजना वि.क.	काइके ४	२५०००
९.	कमला वि.क,	काइके ४	२५०००
१०.	शान्ता कामी	काइके ४	२५०००
११.	डिल कुमारी वि.क.	काइके ४	२५०००
१२.	अनिता वि.क.	काइके ४	२५०००
१३.	टोल्मा बुढा	काइके ४	२५०००
१४.	सुस्मिता ठकुल्ला	काइके ४	२५०००
१५.	फूलमाया झाक्रि	काइके ४	२५०००
१६.	हुम झाक्री	काइके ४	२५०००
१७.	खानु बुढा	काइके ४	२५०००
१८.	चादनी बुढा	काइके ४	२५०००
१९.	अनिता रोकाया	काइके ४	२५०००
२०.	मञ्जु बुढा	काइके ४	२५०००
२१.	शान्ति बुढा(झाक्रि)	काइके ४	२५०००
२२.	मनिषा झाक्री (बुढा)	काइके ४	२५०००
२३.	सुस्मा बुढा	काइके ४	२५०००
२४.	नमू झाक्री	काइके ४	२५०००
२५.	खानू बुढा (झाक्री)	काइके ४	२५०००
	जम्मा		६२५०००

प्रमाण पेश नगरेको	६,२५,०००

६५ **महँगी भत्ता**

स्थानीय तहमा प्राविधिक साहायक र रोजगार साहायक पदपुर्ति सम्वन्धि मापदण्ड २०७८ को वुँदा नं १३ मा उक्त मापदण्ड अनुसार नियुक्त कर्मचारीलाई तलव, स्थानीय भत्ता, चाडपर्व खर्च र पोषाक खर्च पाउने उल्लेख छ।पालिकाले उक्त मापदण्ड अनुसार

देहायवमोजिम कर्मचारीलाई नियुक्त गरि तलव भत्ता खर्च लेखेकोमा मापदण्डमा उल्लेख भएको विपरित पालिकावाट निर्णय गरी मासिक रु.२००० का दरले महंगि भत्ता समेत थप गरि भुक्तानी गरेकोले मापदण्ड विपरित भुक्तानी भएको महंगि भत्ता असुल गर्नुपर्दछ।

क्र.श	कर्मचारीको नाम	रकम
१	कमल वि क	२४०००
२	अरुण शाह	२४०००
३	अमित राना	२४०००
	जम्मा	७२०००

असुल गर्नुपर्ने	७२,०००

६६ **लघु उद्यम कार्यक्रम**

गरिवि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका २०७७ को वुँदा नं ४१ मा प्रविधि हस्तान्तरण कार्यक्रममा उद्यमिको कम्तिमा २० प्रतिशत लागत साझेदारी हुने उल्लेख छ। कार्यालयले मेड्पा कार्यक्रम अर्न्तगत प्रविधि हस्तान्तरणमा भौ नं १४४।२०८२।३।१९ वाट रु. १४००००। खर्च लेखेको छ।खर्च मध्ये रु.१२१४५०। को सामाग्री खरिद गरी वितरण गरेकोमा कुल खरिदको २० प्रतिशत रकम रु.२४२९०। उद्यमिको लागत साझेदारी हुनुपर्नेमा लागत साझेदारी नगराई भुक्तानी गरेकोले उक्त रकम असुल गरी संघिय सञ्चित कोष दाखिला गर्नुपर्दछ।

असुल गर्नुपर्ने	२४,२९०

६७ **वढी भुक्तानी**

स्वास्थ्य मन्त्रालयवाट जारी भएको आर्थिक वर्ष २०८१।८२ मा स्थानीय तहवाट सञ्चालन गरिने स्वास्थ्य तर्फका सर्शत अनुदान अर्न्तगतका क्रियाकलाप सञ्चालन सम्वन्धि मार्गदर्शन को क्षयरोग नियन्त्रण कार्यक्रममा स्थानिय सहभागि भत्ता प्रतिव्यक्ति ७०० का दरले दिने उल्लेख छ। पालिकाले क्षयरोगको अर्धवार्षिक समिक्षा गोष्ठी र अभिमुखिकरण कार्यक्रम सञ्चालन गरी देहायवमोजिम भौचरवाट हरि वहादुर रोकायको पेश्की फछ्यौट गरेकोमा मार्गदर्शनमा उल्लेख भएको भन्दा वढी दरमा सहभागि भत्ता प्रतिव्यक्ति १५०० र १००० का दरले भुक्तानी गरेकोले वढी भुक्तानी भएको रकम असुल गर्नुपर्दछ।

गो भौ नं	विवरण	सहभागि भत्ता भुक्तानी	भुक्तानी हुनुपर्ने	वढी भुक्तानी
१३०।२०८२।३।१७	समिक्षा गोष्ठी १३ जना सहभागि	१७१६०	९१००	८०६०
१५४।०८२।३।१९	अभिमुखिकरण कार्यक्रम ६८ जना सहभागि	७१७००	४७६००	२४१००
जम्मा				३२१६०

असुल गर्नुपर्ने	३२,१६०

६८ **बढी तलब भुक्तानी**

पालिकाले सम्झौता अनुसार काम गरेको सयमको मात्र करार कर्मचारीलाई तलव भत्ता भुक्तानी गर्नुपर्नेमा गो.भौ.नं. २, मिति: २०८१।०६।१६ सूचना प्रविधि अधिकृत(करार) सत्यराज शाहीको मिति २०८१।०५।१९ सम्म मात्र हाजिरी रहेकोमा साउन र भाद्र महिनाको तलबभत्ता बापतको रकम भुक्तानी भएकोमा मासिक रु ४३६८९।(प्रतिदिन रु १४५६) का दरले ११ दिनको तलब बढी भुक्तानी भएकोमा उक्त रकम असुल गर्नुपर्दछ ।

असुल गर्नुपर्ने	१६,०१९

६९ **गैरसरकारी संस्थालाई भुक्तानी**

गो.भौ.नं.२७७, मिति: २०८२।३।२३ गाँउपालिकाले श्री ज्योती फाउण्डेशन सँग भएको सम्झौता अनुसार ज्योती फाउण्डेशनले कर्णाली छोरी सम्मेलनको आयोजना र समग्र व्यवस्थापकीय कार्यको नेतृत्व गर्ने तथा पालिकाले छनौट गरि पठाएका छोरीहरुको खाना तथा सुरक्षित आवासको व्यवस्थापन गर्नुपर्ने उल्लेख गरी पालिकाले ज्योती फाउण्डेशनलाई १ लाख भुक्तानी गरेको छ । पालिकाले फाउण्डेशन सँग गरेको सम्झौतामा सम्मेलन सम्पन्न भएको दुई साता भित्र पहिलो पक्षलाई कार्यक्रम सम्पन्न प्रतिवेदन उपलब्ध गराउनुपर्ने उल्लेख गरेको छ । पालिकाले सम्झौता अनुसार रु १ लाख सहयोग गरेकोमा फाउण्डेशनले सम्मेलन सम्पन्न प्रतिवेदन पेश गरेको छैन । पालिकाले सम्झौता बमोजिमको कार्य सम्पन्न प्रतिवेदन प्राप्त गरेर मात्र खर्च गर्ने परिपाटी बसाल्नु पर्दछ ।

७० **करार सेवा**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ को उपदफा (६) मा स्थानीय तहले नगर प्रहरी, सवारी चालक, सरसफाई सम्बन्धि आदि पदमा बाहेक अन्य पद तथा सेवामा करारवाट पदपूर्ति गर्न नसकिने कानूनी व्यवस्था गरेको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २०७४।१२।१४ मा जारी स्थानीय तहमा करारमा जनशक्ति व्यवस्थापन गर्ने कार्यविधि, २०७४ मा स्वीकृत दरवन्दी भन्दा वाहिर अन्य रुपमा कर्मचारीहरु राखी तलब भत्ता वा पारिश्रमिक भुक्तानी गर्न नमिल्ने र त्यस्तो कार्य प्रचलित कानून विपरित भई भुक्तानी गर्ने पदाधिकारीवाट असुल उपर हुने व्यहोरा उल्लेख छ। गाँउपालिकाले कम्प्युटर अपरेटर १, सहायक कम्प्युटर अपरेटर १, सहायक चौथाँ २ कर्मचारी करारमा राखी रु १९,६४,६८९।- खर्च लेखेको छ । कार्यालयले स्विकृत दरवन्दी रिक्त भएकोमा प्रदेश लोकसेवा आयोगमार्फत भर्ना गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।

७१ **विशेष भत्ता**

संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७४।१।२५ च नं २१७ को पत्रानुसार स्विकृत दरवन्दिभित्र करारमा रहेका व्यक्तिहरुलाई आधारभुत पारीश्रमिक, एक महिनाको चाडपर्व खर्च र चैत्र महिनामा पोषाक खर्च उपलव्ध गराउने उल्लेख छ। साथै अर्थ मन्त्रालयको मिति २०७९।०१।२१ को संघीय मामिला तथा सामान्य प्रशासनलाई लेखेको पत्रमा स्थानीय तथा विशेष भत्ता सम्बन्धमा कुनै पनि कानूनी व्यवस्था नभएकोले करारमा कार्यरत कर्मचारीहरुलाई कुनै किसिमको विशेष भत्ता उपलब्ध गराउन नसकिने व्यहोरा उल्लेख रहेकोमा पालिकाले देहायका कर्मचारीहरुलाई करार सम्झौता गर्दाका बखत नै विशेष भत्ता दिने सम्झौता गरी सो बमोजिम निम्नानुसार व्याक्तिलाई विशेष भत्ता उपलब्ध गराएको नियम सम्मत देखिएन ।

सि.नं.	पद	कर्मचारी	महंगी भत्ता	विशेष भत्ता	जम्मा
१	उद्यम विकास सहजकर्ता	कमल बहादुर सकहारी		११४७२०	११४७२०
२	सूचना प्रविधि अधिकृत	सत्यराज शाही(साउन र भाद्र)		३३०००	३३०००
	जम्मा				१४७७२०

अनियमित भएको	१,४७,७२०

७२ **शिर्षक फरक पारी खर्च**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(१) वमोजिम कार्यालय प्रमुखले सरकारी रकम खर्च गर्दा वजेट तथा कार्यक्रमको सिमाभित्र रही खर्च गर्नुपर्ने व्यवस्था छ भने एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या,२०७४ मा विनियोजित वजेट सम्वन्धित खर्च शिर्षकमा गर्नुपर्ने उल्लेख छ।नमुना छनौटको आधारमा परीक्षण गर्दा भौ नं २५०।२०८२।३।१८ को विविध खर्च शिर्षकवाट रु.४००००। जसविर वि क लाई आर्थिक सहायता शिर्षकमा खर्च गरेको छ। अत विनियोजित वजेट खर्च गर्दा वजेट अनुशासन कायम हुने गरी तोकिएको शिर्षकमा खर्च गर्नुपर्दछ।

७३ **वढी भुक्तानी**

शिक्षा तथा मानव स्रोत केन्द्रावाट जारी भएको कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं. २.४.६.२ मा विद्यालयले माग गरेको विद्यार्थी संख्या सहित रकमलाई इएमआइएस तथ्यांक र वास्तविक तथ्यांकसंग सत्यापन गराई सोको आधारमा स्विकृत कक्षागत दररेटका आधारमा वास्तविक खर्चको हिसाव गरी पाठ्यपुस्तक अनुदान निकासा दिनुपर्ने उल्लेख छ।पालिकाले यस वर्ष संघीय सशर्त कार्यक्रमको वाट पाठ्यपुस्तकमा छुट्टै बजेट विनियोजन गरी भौ नं १३७।२०८२।३।१७ वाट विद्यालयको खातामा निकासा गरेकोमा

पुन पालिका चालु तर्फको गो.भौ.नं. २७४,२०८२।३।२३ वाट श्री सुन्दरेशेर्पा आवासीय विद्यालय काइके-४ लाई पाठ्यपुस्तक बिल भर्पाई संलग्न राखि रु १६२००। भुक्तानी गरेको छ।यसरी संघीय शर्शत अनुदानवाट निकासा भईसकेको पाठ्यपुस्तकको रकम दोहोरो पर्ने गरी गाउँपालिका चालु शिर्षकको पनि भुक्तानी भएकोले उक्त रकम असुल गर्नुपर्दछ।

असुल गर्नुपर्ने	१६,२२०

७४ **प्रमाण वेगर भुक्तानीः**

गो.भौ.नं. २९१, मिति २०८२।३।२४ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल भरपाई प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ । गाँउपालिकाको सामान ढुवानी तथा गाडी रिजर्भ गर्दा भएको खर्च बापत विभिन्न भर्पाईहरु संलग्न राखि महिला विकास अधिकृत सम्झना पराजुलीले भुक्तानी लिएको देखिन्छ । ढुवानी भएका सामानहरु खरिद तथा जिन्सी दाखिला गरेको प्रमाण संलग्न नभएकोले के कस्ता सामाग्री ढुवानीबापत उक्त रकम भुक्तानी भएको हो सो को विवरण खुल्ने स्पष्ट प्रमाण संलग्न नभएकोले समाग्रीको विवरण खुल्ने प्रमाण पेश गर्नुपर्दछ । अन्यथा असुल गर्नुपर्दछ।

प्रमाण पेश नगरेको	४,८७,५००

७५ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ को वुँदा नं ६८ मा संघिय सरकारवाट प्राप्त रकम श्रमिकको पारिश्रमिककमा मात्र खर्च गर्नुपर्ने उल्लेख छ।जसअनुसार पालिकावाट सामाग्री खरिद गर्ने र संघीय सरकारवाट प्राप्त रकम श्रमिकको ज्यालामा खर्च गर्नुपर्नेमा पालिकाले उरुटोल चित्तम मन्दिर सोलिङ तथा पिसिसि निर्माण योजना निर्माण कार्य गरि भौचर नं १०४।२०८२।२।८ वाट रु. ७१७३२४। भुक्तानी गरेकोमा रु.२१३०३२। को सिमेन्ट खरिदको भुक्तानी गरेको छ। यसरी सामग्री खरिदको रकम सर्शत अनुदानवाट खर्च गर्न नमिल्नेमा सामाग्री खरिद गरी भुक्तानी गरेको रकम पालिकावाट संघिय सञ्चित कोष फिर्ता गर्नुपर्दछ।

प्रमाण पेश नगरेको	२,१३,०३२

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : काइके गाउँपालिका, डोल्पा , काईके गाउँपालिका , डोल्पा

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	सम्झना पराजुली	२०८०-३-५	२०८१-१०-२५
कार्यालय प्रमुख	भोज राज जोशी	२०८१-११-१९	हाल सम्म कार्यरत
लेखा प्रमुख	पदम बिक्रम थापा	२०७७-९-१४	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
८,३७०,७४२.९	५१२,२२०	४,३९८,५५९	०	०	७०,०००
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	१३,३५१,५२१.९
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	९९२,०२७
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	१२,३५९,४९४.९

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		९१४७४९६.८८	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	२५४२८७५४७	चालु खर्च	१३०१९३४८५.९
प्रदेश सरकारबाट अनुदान	६७५६१२१९	पूँजीगत खर्च	२३६२०९१७५
राजश्व बाँडफाँट	४६१२२९६९.१	वित्तीय/अन्य व्यवस्था	२८०७०६४२
आन्तरिक आय	६५६४६६.०८		
अन्य आय	३१३१४६१६		
कुल आय	३९९९४२८१७.१८	कुल खर्च	३९४४७३३०२.९
बाँकी मौज्दात		१४६१७०११.१६	

अनुसूची - २

सुझाव

स्थानीय तहद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गर्नुपर्दछ ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ । म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ । स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/ आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।

- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।